# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १०३ | काठमाडौं | सोमबार, १९ साउन २०८२ | Prabhab National Daily | Monday, 04 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


दाहाल–शर्मा टकराव

# नेतृत्वको विकल्प खोज्ने शर्मामाथि चौतर्फी दबाब

- हेडक्वाटरनिकट स्थायी समिति सदस्यहरूको दृष्टिमा उपमहासचिव जनार्दन शर्मा मैमत्ता र अतिवादी
- संघीयता र पहिचानको मुद्दा अध्यक्ष दाहालले छाडेको जनार्दनको गम्भीर आरोप, वर्गप्रति दाहालमा विचलन देखिएको टिप्पणी
- ३१ लाखबाट ११ लाख जनमतमा आइपुग्नुमा दाहाल जिम्मेवार रहेको शर्माको ठहर

■ **जेबी योञ्जन**

**काठमाडौं–** 'जनयुद्ध'मा पत्नी गुमाएका दोलखाका माओवादी नेता शंकर लामा पार्टीमा गुटउपगुटले सहिद परिवारलाई चिन्तित तुल्याएको भन्दै पार्टी केन्द्रीय कार्यालयमै रोए । उनको तर्क थियो- 'पार्टी गुटले बलियो होइन, कमजोर बनाउँछ ।'

लामा यसो भन्दै गर्दा नजिकै थिए, पार्टी अध्यक्ष पुष्पकमल दाहाल । वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र प्रवक्ता अग्निप्रसाद सापकोटा दाहालको दायाँबायाँ थिए ।

दोलखाको बोत्लेमा १८ साउन २०५९ मा राज्यपक्षबाट मारिएका १४ जना माओवादी कार्यकर्तामध्ये शंकरकी श्रीमती पनि एक थिइन् । उनै शंकरले माओवादीमा देखिएको गुटबारे बोत्ले घटनाका सहिद र घाइते परिवारलाई सम्मान गर्न आइतबार आयोजित कार्यक्रममा गम्भीर चिन्ता प्रकट गरेका हुन् ।



वर्गप्रतिको प्रतिबद्धतामा अध्यक्षज्यूको विचलन आएको छ । संघीयताको स्वामित्व लिन सकिएको छैन । पहिचानको मुद्दा छोडिएको छ । यी सबै कारणबाट हामीले ३१ लाखको जनमत गुमाएर ११ लाखमा छौं, त्यो फिर्ता गर्न सक्छौं कि सक्दैनौं ?

■ **जनार्दन शर्मा**
उपमहासचिव

हिजो अतिवादी विप्लव थिए, आज त्यही प्रवृत्ति देख्दै छु । अध्यक्षको भनाइ खारेज गर्ने प्रवृत्ति आपत्तिजनक छ । तपाईंले अध्यक्षको भनाइलाई खारेज गर्नुभयो, म तपाईंको यही प्रवृत्तिलाई खारेज गर्छु ।

■ **नन्दबहादुर पुन**
पूर्वउपराष्ट्रपति

त्यहाँ दाहालले पार्टीको गुटबारे मुख खोलेनन् । तर, उनले पार्टीमा गुटउपगुटको सामना गरिरहेका छन् । उनलाई यतिबेला सर्वाधिक चुनौती दिने गुट उपमहासचिव जनार्दन शर्माको हो । अन्य सानातिना उपगुट कायमै छन् । यस्तोमा सहिद पति शंकरले गुटले पार्टी ध्वस्त हुने आशयको अभिव्यक्ति दिएका हुन् ।

त्यसको केही समयपछि माओवादीको स्थायी समिति बैठक बस्यो । बैठकमा दुई पक्षको परस्परविरोधी विचार प्रकट भए । अध्यक्ष दाहाललक्षित गर्दै भनिने 'हेडक्वाटर' र शर्माबीच घोचपेच नै चल्यो । शर्माले त पार्टी कमजोर बन्दै जानुमा अध्यक्ष दाहाल जिम्मेवार रहेको ठहऱ्याए । उनकै कारण पार्टीले ३१ लाख जनमत गुमाएको आरोप लगाए ।

'वर्गप्रतिको प्रतिबद्धतामा अध्यक्षज्यूको विचलन आएको छ, संघीयताको स्वामित्व लिन सकिएको छैन, पहिचानको मुद्दा छोडिएको छ,' बैठकमा शर्माको भनाइ उद्दृत गर्दै एक नेताले भने, 'यी सबै कारणबाट हामीले ३१ लाखको जनमत गुमाएर ११ लाखमा छौं, त्यो फिर्ता गर्न सक्छौं कि सक्दैनौं ?'

शर्माको यो दाहालप्रतिको गम्भीर आरोप हो । यसबारे दाहालले बैठकमा धारणा बाँकी छ । आजको बैठकमा दाहालले धारणा राख्ने सम्भावना छ । तर, आइतबारको बैठकपछि पत्रकारहरूसँग दाहालले शर्माले भनेझैं आफूले आत्मालोचना नगर्ने संकेत गरेका छन् । त्यस आशयमा उनले भने, 'अहिले छलफल चलिरहेकै छ । जसले गल्ती गरेको छ, त्यसले आत्मालोचना गर्ने कुरा हो ।'

स्थायी समितिमा शर्मा समूह अल्पमतमा छ । यो समूहले नेतृत्वमा दाहालको विस्थापन खोजेको छ । उनकै कारण पार्टी संकटोन्मुख भएको आरोप लगाउँछ ।

क्रमशः पृष्ठ २ मा

बागमतीका मुख्यमन्त्री लामाको राजीनामा

# जाँदाजाँदै उठाए व्यवस्थामाथि ६ प्रश्न

■ **प्रभाव संवाददाता**

- बहादुरसिंह लामाले मन्त्रिपरिषद् विस्तार गर्न खोज्दा बिरामी भएका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटालाई बुझाउन पाएनन् राजीनामा
- पाँच वर्षका लागि संसदीय दलको नेता बनेको र दुई वर्षको लागि मुख्यमन्त्री बनेको अवस्थामा आफूप्रति प्रपञ्च रचेको लामाको आरोप
- यस्तै खाले खिचातानीमा पनि नागरिक समाज र सञ्चार जगतले आफूलाई नसघाएको लामाको गुनासो



**काठमाडौं–** चौतर्फी दबावपछि बहादुरसिंह लामाले बागमती प्रदेशको मुख्यमन्त्री पदबाट राजीनामा दिएका छन् । संवैधानिक व्यवस्थाअनुसार मात्र सरकार छाड्ने अडानमा रहेका लामाले आइतबार हेटौंडामा पत्रकार सम्मेलन गरी मुख्यमन्त्री पदबाट राजीनामा दिएका हुन् ।

आफूलाई पार्टी सभापति शेरबहादुर देउवाले सरकार सञ्चालनका लागि सहज बनाइदिन निर्देशन दिएकाले पद छाडेको लामाको भनाइ थियो । 'पार्टीभित्रको बृहत् छलफलपछि श्रद्धेय आदरणीय सभापति शेरबहादुर देउवाले विकसित घटनाले आपसी समझदारीमा सरकार सञ्चालन गर्न मार्गप्रशस्त आग्रह गर्नुभएकोले मैले राजीनामा दिएको छु,' पत्रकार सम्मेलनमा लामाले भने ।

मुख्यमन्त्रीबाट राजीनामा दिए पनि उनले प्रक्रियाअनुसार प्रदेश प्रमुख दीपकप्रसाद देवकोटालाई राजीनामापत्र बुझाउन पाएनन् । बागमती प्रदेश प्रमुखको कार्यालयका सूचना अधिकारी प्रकाश चापागाईंका अनुसार मुख्यमन्त्रीको राजीनामा प्रदेश प्रमुखको कार्यालयमा आइपुगेको छैन । 'आइतबार साँझसम्म मुख्यमन्त्रीको राजीनामा आइपुगेको छैन,' चापागाईंले भने ।

प्रदेश प्रमुखलाई राजीनामा बुझाउन नपाएका लामाले सामाजिक सञ्जाल फेसबुकमार्फत आफूले राजीनामा दिएको घोषणा गरेका छन् । 'बागमती प्रदेशसभामा रहेका दुई ठूला राजनीतिक दलहरू नेपाली कांग्रेस र नेकपा एमालेको समर्थनमा २०८१ साउन ८ गते बागमती प्रदेश सरकारको मुख्यमन्त्री पदमा नियुक्त भएको थिएँ । प्रदेश सरकारमार्फत गुणस्तरीय सेवा प्रवाह, सुशासन, दिगो विकास, नीतिगत सुधार, समृद्धि र समुन्नतिको निम्ति अहोरात्र काम गरेँ,' लामाले भनेका छन्, 'पार्टीभित्रको आन्तरिक समस्यालगायत विविध कारणले मैले मुख्यमन्त्री पदबाट राजीनामा दिएको छु ।'

२०७९ पुस १३ गते इन्द्र बानियाँलाई हराउँदै लामा कांग्रेस बागमती प्रदेश संसदीय दलको नेतामा निर्वाचित भएका थिए । लामाले २१ मत ल्याउँदा बानियाँले १६ मत प्राप्त गरेका थिए । तर यसपटकको बजेट विवादका कारण लामाले संसदीय दलमा विश्वासको मत गुमाएसँगै मुख्यमन्त्री पदबाट राजीनामा दिएका हुन् ।

### प्रदेश प्रमुखसँग असन्तुष्टि

मुख्यमन्त्रीबाट राजीनामा दिएका लामा काठमाडौं फर्किसकेका छन् । प्रदेश प्रमुखसँग लामा रुष्ट छन् । कांग्रेस बागमती प्रदेश संसदीय दलको नेताको हैसियत गुम्नासाथ लामाले मन्त्रिपरिषद् विस्तार गर्न खोजेका थिए ।

क्रमशः पृष्ठ २ मा

## यी हुन् लामाले उठाएका प्रश्न

१) नेपालको संविधान २०७२ का धारा १६८ को उपधारा २ बमोजिम नेपाली कांग्रेस र नेकपा एमालेको समर्थनमा मेरो नेतृत्वमा बागमती प्रदेश सरकार गठन भएको विदितै छ । मेरो निश्चित संवैधानिक दायित्व भएको मैले महसुस गरेको छु । मेरो दलभित्रको आन्तरिक प्रतिस्पर्धाले संवैधानिक व्यवस्थालाई चटक्कै बिर्सेर हाँक्ने मलाई छुट थिएन । संवैधानिक परम्पराको इतिहासले प्रमाणित गरेको सिद्धान्तहरूप्रति सचेत रहनुपर्ने अवस्था थियो । क्रमशः पृष्ठ २ मा

## 'लामाको प्रश्न अव्यावहारिक'

**दिनेश त्रिपाठी**
वरिष्ठ अधिवक्ता

बहादुरसिंह लामाको भनाइ ठीक हो । एक माना सरकार हो भने संसदीय दलको नेता मुख्यमन्त्री बनाउने संविधानको धारा १६८ को १ मा छ । तर १६८ को २ मा फरक छ । मुख्यमन्त्री बन्न संसदीय दलकै नेता बन्नुपर्छ भन्ने छैन । उपधारा १ मा प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने प्रावधान रहेको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# सय संख्या नपुऱ्याएका ३०० भन्दा बढी म्यानपावरको आइडी नखुल्दा समस्या

आइडी 'ब्लक' हुँदा एक हजार ५०० भन्दा बढी भिसा रोकिएको भन्दै व्यवसायीहरु आक्रोशित

■ **ममता थापा**

**काठमाडौं–** सय संख्याको प्रावधान औपचारिकरूपमा खारेज भइसक्दा पनि उक्त संख्या नपुऱ्याउने म्यानपावर कम्पनीको आइडी नखुल्दा व्यवसायीहरू समस्यामा परेका छन् । गत आर्थिक वर्षभरिमा १०० जना श्रमिक वैदेशिक रोजगारीमा पठाउन नसकेका ३०० भन्दा बढी म्यानपावर नवीकरण हुन सकेका छैनन् । गत असार मसान्तसम्ममा नवीकरण हुन नसकेका ती म्यानपावरका लागि वैदेशिक रोजगार विभागको प्रणालीमा प्रयोग हुने आइडी नखुलेको हो ।

गत आर्थिक वर्ष २०८१/८२ मा १०० भन्दा कम श्रमिक पठाउने ४३८ वटा म्यानपावरमध्ये ३०० भन्दा बढीको आइडी नखुलेको व्यवसायीको भनाइ छ । कुनै पनि व्यवसायीले एक पटकमा तीन वर्षसम्मका लागि नवीकरण गर्न पाउने व्यवस्था छ । आर्थिक वर्ष २०८३/८४ सम्मका लागि नवीकरण गर्ने संस्थाको आइडी भने सय संख्या नपुगे पनि खुलेको उनीहरूले बताएका छन् ।




आइडी 'ब्लक' हुँदा २१६ वटा म्यानपावरका एक हजार ५०० भन्दा बढी भिसा रोकिएको भन्दै व्यवसायीहरू आक्रोशित भएका छन् । आइतबार उनीहरूले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यालयमा पुगेर तत्काल समस्याको सम्बोधनका लागि पहल गर्न ध्यानाकर्षण गराएका छन् ।

संघीय संसद्को दुवै सदनबाट पारित भएको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकलाई यही साउन १४ गते राष्ट्रपतिले प्रमाणीकरण गरेसँगै त्यसै दिन राजपत्रमा प्रकाशित भइसकेको छ । विधेयकको दफा ४६ मा वैदेशिक रोजगार ऐन, २०६४ मा भएको सय संख्याको प्रावधान उक्त संशोधनमार्फत खारेज भएको छ । उक्त ऐनको दफा (१३) को उपदफा (२)को खण्ड (घ २) मा रहेको प्रवधान झिकिएको राजपत्रमा प्रकाशित संशोधनसहितको ऐनमा उल्लेख छ ।

उक्त प्रावधान हटिसक्दा पनि कसैको आइडी खोल्ने र कसैको नखोल्ने गरेर विभागले विभेदकारी व्यवहार गरेको फेमस ह्युमन रिसोर्स प्रालिका सञ्चालक चिरञ्जीवी बस्यालको आरोप छ । 'मैले गत असार ३० गते १०० जनाको एप्रुभ भएर दुबईको एम्बेसीमा पैसा तिरिसक्दा पनि काम हुन पाएको छैन ।

क्रमशः पृष्ठ २ मा

## 'मन्त्रिपरिषद्ले निर्णय नगरेसम्म खुल्दैन'

वैदेशिक रोजगार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले नवीकरण नभएका म्यानपावर कम्पनीको आइडी तत्काल नखुल्ने बताए । संशोधित ऐन राजपत्रमा प्रकाशित हुनेबित्तिकै आइडी खुल्ने विषय नभएको उनले बताए । मन्त्रिपरिषद्ले निर्णय गरेपछि मात्र आइडी खुल्ने भएकाले विभागले त्यसमा सहजीकरण गरिरहेको उनको भनाइ छ ।

'राजपत्रमा प्रकाशित भइसकेपछि लागू हुन्छ तर त्योभन्दा अगाडि यस विषयमा सरकारले निर्णय गर्नुपर्ने हुन्छ,' भट्टराईले भने, 'राजपत्रमा कुन मितिमा प्रकाशित भयो त्यो मिति पछाडिको अवस्थामा निष्कर्ष निस्कियो तर, क्रमशः पृष्ठ २ मा




# पूर्वसंरक्षण अधिकृत रामप्रित यादवको सम्मानमा छावाको नाम

**भरतपुर (प्रस)**– चितवन राष्ट्रिय निकुञ्जका पूर्वसंरक्षण अधिकृत रामप्रित यादवको सम्मानमा 'तमोरकली' नामक हात्तीले जन्माएको छावाको नाम 'रामप्रितगज' राखिएको छ ।

खोरसोरस्थित हात्ती प्रजनन तथा तालिम केन्द्रमा आइतबार भएको न्वारनमा छावाको नाम 'रामप्रितगज' राखिएको हो । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. गणेश पन्तले चितवन निकुञ्जको संरक्षणमा स्थापनाकालदेखि नै योगदान दिएका रामप्रितको सम्मानमा रामप्रितगज नामकरण गरिएको बताए ।

'विभिन्न संरक्षणकर्मीको सम्मानमा हात्तीको छावा नामकरण गर्दै आइहेका छौं, यसपटक चितवन निकुञ्जको संरक्षणमा सुरुदेखि नै योगदान दिनुभएका संरक्षणकर्मीको सम्मानमा नामकरण गरेका हौं,' उनले भने ।

चितवन निकुञ्ज स्थापनाकालमा यादव रेञ्जर पदमा रहेर संरक्षणमा खटिनुभएको थियो । उनले निकुञ्जको प्रमुख संरक्षण अधिकृतसमेत भएर काम गरिसके । यादव हाल अवकाश भइसके पनि संरक्षणको क्षेत्रमा सक्रिय छन् । उनकै उपस्थितिमा हात्तीको नामकरण गरिएको हो । सो क्रममा यादवले भने, 'मैले सुरुदेखि यो निकुञ्जको संरक्षणमा सक्रिय हुन पाएँ, मैले के-कति गर्नसकेँ भन्ने अरुले मूल्यांकन गर्नुहुने छ, मेरो सम्मानमा हात्तीको नामकरण हुँदा गर्व महसुस भएको छ ।'

'रामप्रितगज' तमोरकली हात्तीको तेस्रो सन्तान हो । रामप्रितगजको जन्म यही साउन ७ गते भएको हो । यसलाई 'रोनाल्डो' नामक हात्तीको सन्तान मानिएको छ । यहाँ जन्मिने भाले छावाको नामको पछाडि 'गज' र पोथी हात्तीको नामको पछाडि 'कली' राख्ने प्रचलन छ । चालु आर्थिक वर्ष २०८२/८३ मा जन्मिएको यो पहिलो छावा हो । गत आव २०८१/८२ मा पाँच वटा छावाको जन्म भएको हात्ती प्रजनन केन्द्रका प्रमुख मनपुरन चौधरीले जानकारी दिए ।

हाल यस प्रजनन केन्द्रमा नौ वटा ठूला हात्ती, छ वटा तालिम प्राप्त हात्ती र सात वटा तालिम नगरेका गरी २२ वटा हात्ती छन् । प्रजनन केन्द्र र निकुञ्जभित्रका विभिन्न पोस्टमा गरी हाल ५८ वटा हात्ती छन् । वि.सं. २०४४ मा स्थापना भएको प्रजनन केन्द्र तथा तालिम केन्द्रमा २०५० सालदेखि बच्चा जन्मिन सुरु भएको हो । हालसम्म यस केन्द्रमा ६९ वटा बच्चा जन्मिएका छन् । जसमध्ये छ वटा हात्ती विभिन्न कारणले मरिसकेका छन् ।

पृष्ठ १ बाट क्रमशः

## जाँदाजाँदै...

तर प्रदेश प्रमुख देवकोटा बिरामी भएको भन्दै साउन १५ गते अस्पताल भर्ना भए । काठमाडौंको ग्राण्डी अस्पतालमा भर्ना भएका देवकोटा आइतबार डिस्चार्ज भए । आफूलाई प्रदेश प्रमुख देवकोटाले असहयोग गरेको भन्दै पत्रकार सम्मेलनमै लामाले असन्तुष्टि पोखे । 'संवैधानिक परम्पराको इतिहासले प्रमाणित गरेको सिद्धान्तहरूप्रति सचेत रहनुपर्ने अवस्था थियो । यस सम्बन्धमा मैले गरेको मन्त्रिपरिषद्को विस्तारसमेत अवरुद्ध गर्ने काम भएको छ,' लामाले भने ।

लामाले आफ्नो राजीनामा स्वकीय सचिव छत्र लामालाई बुझाएर राखेका छन् । सोमबार कार्यालय खुल्नासाथ स्वकीय सचिव लामाले उक्त राजीनामा बुझाउने र नयाँ सरकार गठनको प्रक्रिया सुरु गरिने बताइएको छ । बागमतीको मुख्यमन्त्री बागमती कांग्रेसका सभापति बानियाँ बन्ने र सोमबारै सानो आकारका मन्त्रिपरिषद् गठन हुने नेपाली कांग्रेसले जनाएको छ ।

■■■

## लामाको प्रश्न...

यो टेक्निकल्ली ठीक हो । तर दलको विधानमा भने पार्टीको संसदीय दलको नेता नै मुख्यमन्त्री बन्ने भन्ने छ । पार्टीको विधानले संविधानलाई छोप्न सक्दैन । मुख्य कानुन त संविधान नै हो । प्रदेशमा पनि संघमा पनि संसदीय व्यवस्था हो । संसदीय प्रणालीमा मुख्यमन्त्री होस् या प्रधानमन्त्रीले बहुमतमै चल्ने हो । बहुमतले अर्कैलाई रोजेपछि उहाँले पद छाड्नुपर्छ । किनभने पार्टीको कमाण्डमा जाने हो । पार्टीको ह्वीप जारी हुन्छ नि ।

'उपधारा १ बमोजिम प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूकै समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने छ,' उपधारा २ मा भनिएको छ ।

■■■

## यी हुन्...

यस सम्बन्धमा मैले गरेको मन्त्रिपरिषद्को विस्तारसमेत अवरुद्ध गर्ने काम किन भयो ?

२) दुई दलीय गठबन्धनमा बनेको अन्य प्रदेशमा यथावत् रहेको खण्डमा बागमती प्रदेश सरकार किन परिवर्तन गर्नुपर्‍यो ?

३) पाँच वर्षका लागि चयन गरिएको नेता किन तुरुन्तै परिवतर्नन गर्नुपर्‍यो ?

४) नागरिक समाज र पत्रकारले बागमती प्रदेश सरकार परिवर्तन गर्नुपर्ने आधार र कारण के होला ?

५) पाँच वर्षका लागि गठन भएको प्रदेश सरकार अचानक ढल्ने प्रपञ्चले प्रगति, स्थिरता र स्थायित्वको प्रतिबद्धता कहाँ पुग्छ ?

६) यस्तै षड्यन्त्र अन्य प्रदेशमा पनि सुरु भएमा देश कता जान्छ ?

■■■

## नेतृत्वको...

त्यही भएर दाहालको नेतृत्वलाई अस्वीकार गर्दै पनि आएको छ । जारी बैठकमा शर्मानिकट पार्टी सचिव राम कार्कीले शनिबार नै रोटेसनमा पार्टी नेतृत्व गर्ने प्रणाली अपनाउनुपर्ने राय राखे । कार्कीको यो राय नेतृत्वमा दाहालप्रति अरुचि हो । पार्टीका अन्य स्थायी समिति सदस्यहरू परशुराम तामाङ, अञ्जना विसंखे र टंक राईले पनि शर्मा र कार्कीको प्रतिरक्षा गर्दै नेतृत्वमा दाहालको निरन्तरतामा क्रमभंगताको आवश्यकता औंल्याएका छन् ।

तर, आइतबार अध्यक्ष दाहालनिकट अधिकांश स्थायी समिति सदस्यले उपमहासचिव शर्मामाथि आरोप र चेतावनीको बमबारी नै गरे । पार्टी उपाध्यक्षसमेत रहेका पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनले त शर्मालाई 'अतिवादी'कै संज्ञा दिए । अतिवादी प्रवृत्ति भएका नेताबाट पार्टीमा समस्या भएको उनको टिप्पणी थियो । 'हिजो अतिवादी विप्लव थिए, आज त्यही प्रवृत्ति देख्दै छु,' जनार्दनलक्षित उनको भनाइ थियो ।

उनी अध्यक्ष दाहालको बचाउमा खुलेरै प्रस्तुत भए । 'अध्यक्षको भनाइ खारेज गर्ने प्रवृत्ति आपत्तिजनक छ । तपाईंले अध्यक्षको भनाइलाई खारेज गर्नुभयो, म तपाईंको यही प्रवृत्तिलाई खारेज गर्छु' पुनले भने । पार्टी प्रवक्ता अग्निप्रसाद सापकोटाले पनि जनार्दन र उनीनिकट नेता कार्कीले बैठकमा राखेको अभिव्यक्तिको कडा शब्दमा खण्डन गरे । उनले भने, 'एकाध व्यक्तिले राखेको अभिव्यक्तिको अर्थ छैन ।'

अर्का उपमहासचिव हरिबोल गजुरेलले त जनार्दनलाई धेरै स्पेस दिँदा मैमत्ता भएको बताए । 'अहिलेको संघर्ष मैत्रीपूर्ण भएन, जनार्दनलाई धेरै स्पेस दिएकाले मैमत्त भएको हो,' गजुरेलले आक्रोशपूर्ण अभिव्यक्ति दिए ।

बैठकमा पार्टीका अर्का उपाध्यक्ष कृष्णबहादुर महरा, सचिव हितमान शाक्य, प्रमुख सचेतक हितराज पाण्डेलगायत नेताले शर्माको आलोचना गरे । अध्यक्ष दाहालकोचाहिँ प्रशंसा गरे । यसलाई लिएर माओवादीमा प्रश्नको बर्जित भएको भनेर सार्वजनिक टिप्पणी हुन थालेको छ ।

■■■

## सय संख्या...

असार ३२ गतेबाट ब्लक छ,' उनले भने, 'यो देख्दा सामान्य लाग्छ तर त्यो होइन । जाने व्यक्तिले सबै तयारी गरेर पनि जान नपाउँदा कति समस्या हुन्छ ? यसलाई सरकारले सहज तरिकाले लिएको छ । एकातिर एलटी ब्लक भएको अवस्था छ । अर्कोतर्फ हामी आफैं पनि लिगल कि इलिगलजस्तो भइसक्यो ।' तोकिएको समयमा कम्पनीमा श्रमिक पठाउन नपाउँदा आफ्नो सम्बन्ध पनि बिग्रने बस्यालले बताए ।

सय संख्याको प्रावधान मूल ऐनबाट हटिसके पनि व्यवसायीलाई पुरानै ऐनअनुसारको व्यवहार गरेको कास्की ओभरसिजका अमर तिवारीले बताए । 'हिजो बैंक ग्यारेन्टी राख्दै गर्दा एक्कासि नयाँ नियम लगाएर ५० लाख रूपैयाँको धरौटीलाई डेढ करोड रूपैयाँ भन्यो । हामीले पछिल्लो कानुन मान्यौं नि त,' तिवारीले भने, 'अहिले पनि सय संख्या हटाउँदा पछिल्लो कानुन किन लागू नहुने ? कानुनलाई मनपरि व्याख्या गर्न पाइँदैन ।' यदि संघले समस्याको तत्काल सम्बोधन नगरे संख्या नपुगेकाहरूले छुट्टै कमिटी बनाएर आफ्नो लागि लड्ने चेतावनी उनले दिए ।

■■■

## 'मन्त्रिपरिषद्ले...

साउन १ गतेदेखि राजपत्रमा प्रकाशित हुँदासम्मको केसमा हामीले नेपाल सरकारको निर्णयका लागि पठाएका छौं ।' सरकारको निर्णय नआउञ्जेलसम्म ब्लक भएको आइडी खोल्न नमिल्ने महानिर्देशक भट्टराईको भनाइ छ । विभाग कानुनबमोजिम चल्ने भएकाले व्यवसायीलाई दुःख दिएकोभन्दा पनि कानुन पालना गरेको उनको दाबी छ ।


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १०० साउन १६ गते २०८२ मा प्रकाशित **GRACE OVERSEAS PVT. LTD.** को Lot No. 304755 को **London Mon Choisy Supermarket Ltd** कम्पनीको विज्ञापनमा अन्तर्वाता मितिः २०८२ साउन २३ **(8th, Aug 2025)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785, Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



### सूचना! सूचना!! सूचना!!!

सूचना तथा प्रसारण विभाग दर्ता नं. १९७६/०७७/०७८ मिति २०७७/०४/१४ मा दर्ता रहेको **ग्रहौ कालिका मीडिया हाउस**द्वारा संचालित www.merodristy.com नामक अनलाईन समाचार माध्यमको दर्ता खारेज गरिने हुँदा यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारहरूको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा यो सूचना प्रकाशन भएको मितिबाट १५ दिनभित्र यस कम्पनीको ठेगाना वालिङ-१०, सञ्चालकको मोबाइल नं ९८५६०५५१४० वा ईमेल www.merodristy@gmail Com सम्पर्क गर्नु हुन अनुरोध छ । साथै समयमा उजुरी प्राप्त नभएमा आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत अनुरोध छ ।



### कोठा खोल्न आउने बारे १५ दिने सूचना

का.म.न.पा वडा नं. १४ कलंकी लाम्पाटी इस्थित कित्ता नं. ७९ को म शैल कुमारीको नाममा रहेको घरमा भाडामा १ वर्ष ७ महिना बसी विगत ९ महिना अगाडी केहि सामान छोडेर कोठामा सम्पर्क बिहिन भई उक्त व्यक्तिहरू श्रीमान/श्रीमती सेते बरेली (धादिङ्) सम्पर्क नं. ९७४९४१७३१७ र रन्जु विस्वकर्मा (धादिङ्) सम्पर्क नं. ९७४५३६५९९३ निजले घरबेटीसंग पनि सम्पर्कमा नआएको हुनाले उक्त घरको भुई तल्लाको दुई कोठा/फ्ल्याटको ताला खोल्ने कानुन बमोजिम अनुमती चाहन्छु ।

निवेदकः शैल कुमारी/ ना.प्र. नं. २६९३
सम्पर्कः ९८६०३३३१९०



### युएइमा रोजगार
कम्पनी : AL TANMYAH SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/04/१६ | LT. No. 312794 | चलानी नं. ६०२४२२०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 150 | 0 | 900 | ३४,२७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Warehouse Helpers | 50 | 0 | 900 | ३४,२७९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sadhana International Pvt. Ltd.**
Old Baneshwor (near Himalayan Java), Kathmandu Nepal, Tel: +977 1 4390006, +9779802372147
श्रम इजाजत नं. ७१५/०६४/०६५



### MAURITIUS मा रोजगार
कम्पनी : SAVE MART TRADING LTD

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 321571 | चलानी नं. ६०२३५७८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CASHIER | 10 | 0 | 17110 | ५१,१४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | SHELF WORKER | 10 | 0 | 17110 | ५१,१४६ | | | | | | | |
| 3 | SUPERVISOR | 10 | 0 | 22000 | ६५,७६४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, काठमाडौंमा मिति: २०८२ साउन २६ (11th Aug. 2025) मा हुनेछ ।
प्रि-अन्तवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Jassim Trading & Services Pvt. Ltd.**
Near Katyayani Temple, Kathmandu-31, Nepal, Tel.: 01-5923322, 5923323 / 9805678135, 9805678136, Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np
Govt. License No: 332/059/060



### युएइमा रोजगार
कम्पनी : CITY SKY BUILDING CLEANING AND SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/०९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 317531 | चलानी नं. ६०२३१७४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 2 | 1000 | ३८,०८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६



### बहराइनमा रोजगार
कम्पनी : SEOUL RESTAURANT W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 310266 | चलानी नं. ६०२२४८९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Aide | 2 | 0 | 130 | ४८,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 3 | 5 | 130 | ४८,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**K & C International Pvt. Ltd**
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633
Govt. Reg. No. 699/063/064



### साउदीमा रोजगार
कम्पनी : INGRESS PARTNERS COMPANY (OPERATION & MAINTENANCE)

पूर्व स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 328293 | चलानी नं. ६०२४२२३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1000 | ३७,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com
LIC No. 1082/073/74


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**सोमबार, १९ साउन, २०८२**

| | |
|---|---|
| **मेष** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **वृष** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **मिथुन** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **कर्कट** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **सिंह** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **कन्या** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| **तुला** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **वृश्चिक** | रोकिएका कम बन्ने नयाँ योजना । |
| **धनु** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **मकर** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **कुम्भ** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **मीन** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१९ साउन , २०८२ (०४ अगस्ट, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३९.७७ | १४०.३७ |
| युरो | १ को | १५९.५१ | १६०.२० |
| पाउन्ड स्टिर्लङ | १ को | १८४.०२ | १८४.८१ |
| स्विस फ्रैन्क | १ को | १७१.२८ | १७२.०१ |
| अस्ट्रेलियन डलर | १ को | ८९.८८ | ९०.२६ |
| क्यानाडियन डलर | १ को | १००.७७ | १०१.२० |
| सिङ्गापुर डलर | १ को | १०७.६७ | १०८.१३ |
| जापानी येन | १० को | ९.३० | ९.३४ |
| चिनियाँ युआन | १ को | १९.३८ | १९.४६ |
| साउदी अरब रियाल | १ को | ३७.२६ | ३७.४२ |
| कतारी रियाल | १ को | ३८.३४ | ३८.५१ |
| थाई भाट | ख १ को | ४.२६ | ४.२७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.०५ | ३८.२२ |
| मलेसियन रिङ्गेट | १ को | ३२.६८ | ३२.८२ |
| दक्षिण कोरियन वन | १०० को | ९.९६ | १०.०० |
| स्विडिस क्रोनर | १ को | १४.२४ | १४.३० |
| डेनिस क्रोनर | १ को | २१.३७ | २१.४७ |
| हङकङ डलर | १ को | १७.८१ | १७.८८ |
| कुवेती दिनार | १ को | ४५६.५३ | ४५८.४९ |
| बहराइन दिनार | १ को | ३७०.७४ | ३७२.३३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

सिआइबीलाई गृहमन्त्री लेखकको निर्देशन

# निर्मला हत्या प्रकरण नयाँ शिराबाट अनुसन्धान गर्नू

**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले कञ्चनपुरको भीमदत्त नगरपालिकाकी निर्मला पन्त बलात्कारपछि हत्या भएको प्रकरण नयाँ शिराबाट गम्भीर अनुसन्धान थाल्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई निर्देशन दिएका छन् ।

आइतबार सिआइबीको कार्यालय निरीक्षणका क्रममा मन्त्री लेखकले सूक्ष्मरूपमा निर्मला पन्त प्रकरण अनुसन्धान गरेर दोषीलाई कारबाहीको दायरामा ल्याउन निर्देशन दिएका हुन् । 'निर्मला पन्तको हत्यालगायत ब्युरोले अनुसन्धान गरिरहेका सबै जटिल घटनाको अनुसन्धानमा तीव्रता दिन आग्रह गर्छु,' गृहमन्त्री लेखकले भने, 'नेपाल प्रहरीभित्र पनि सिआइबीप्रति आमजनताको भरोसा बढेको छ, यसलाई अटल राखेर काम गर्नुपर्छ ।'



सीमित स्रोतसाधनका बीच प्रहरीमा सिआइबीले कार्यसम्पादनमा सफलता हासिल गर्दै गएकोप्रति खुसी व्यक्त गर्दै मन्त्री लेखकले सिआइबीलाई साधनस्रोत सम्पन्न बनाउन मन्त्रालय गम्भीर रहेको उल्लेख गरे । मुलुकमा पछिल्लो समय वित्तीय अपराधका घटना बढेकाले आफूले वित्तीय अपराध नियन्त्रणका लागि वित्तीय अपराध अनुसन्धान महाशाखा गठन गरेको जानकारी दिए ।

'प्रहरीप्रतिको भरोसा बढेर गएकै कारण देशभरबाट प्रहरी चौकी माग हुँदै आएको छ,' उनले भने, 'प्रहरीलाई सुविधा सम्पन्न बनाउन विगतकोभन्दा चालु आर्थिक वर्षमा तुलनात्मकरूपमा बजेट बढी विनियोजन गरिएको छ ।' प्रहरीभित्र सिआइबीको महत्वपूर्ण जिम्मेवारी रहेको भन्दै उनले जिम्मेवारी पूरा गर्न प्रविधि, जनशक्तिलगायतका विकास गरिनेमा जोडदिए ।

त्यस अवसरमा सिआइबीका वरिष्ठ प्रहरी उपरीक्षक होविन्द्र बोगटीले सिआइबीले गरिरहेको काम, कारबाही, पाइरहेको सफलता र कार्यसम्पादनमा रहेका चुनौतीलगायत विषयमा प्रस्तुति राखेका थिए । वरिष्ठ उपरीक्षक बोगटीले सिआइबीले निर्मला पन्त हत्या प्रकरणका साथै अन्य घटनाका सम्बन्धमा पनि अनुसन्धान जारी रहेको जानकारी गराएका थिए ।

# सप्ताहव्यापी मनाइँदै विश्व आदिवासी दिवस

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)ले ३१औं विश्व आदिवासी दिवस सप्ताहव्यापी कार्यक्रमका साथ मनाउने भएको छ । यो दिवस अगस्ट ९ का विश्वभरका आदिवासीहरूले मनाउने गर्छन् । नेफिनले आइतबार पत्रकार सम्मेलन गरी सप्ताहव्यापी कार्यक्रम सार्वजनिक गरेको हो ।

यो वर्ष 'प्राकृतिक स्रोत, जल, जमिन र जंगलमाथि आदिवासी जनजातिको अधिकार सुनिश्चित गर, संयुक्त राष्ट्रसंघका एजेन्सी संस्था युएनड्रिप र आइएलओ १६९ सम्बन्धी सर्वोच्च अदालतको निर्देशनात्मक आदेश कार्यान्वयन गर' भन्ने मूल नारासहित विश्व आदिवासी दिवस मनाउन लागेको नेफिनले जानकारी दिएको छ ।

नेफिनका अनुसार अगस्ट ९ अर्थात् यही साउन २४ देखि २८ गतेसम्म सप्ताहव्यापी कार्यक्रम तय गरिएको छ । मुख्य कार्यक्रम साउन २४ गते राष्ट्रिय सभागृहमा आयोजना गरिने छ । सोही दिन जातीय पहिचान झल्कने भेषभूषा र झाँकीसहितको बृहत् र्‍याली आयोजना गरिने भएको छ । मूल समारोहको उद्घाटन नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले गर्ने जानकारी दिइएको छ ।

नेफिनका अध्यक्ष गेल्जे लामा शेर्पाले आदिवासी जनजातिहरूको जातीय, भाषिक, सांस्कृतिक तथा धार्मिक पहिचानलाई स्थापित गर्ने अवसरका रूपमा यो दिवसलाई लिइएको बताए । आदिवासीको भूमि र प्राकृतिक स्रोतमाथिको अधिकार सुनिश्चित गर्ने तथा राज्यका हरेक निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा अर्थपूर्ण र सम्मानजनक सहभागिता गराउने मुद्दाहरूलाई राष्ट्रिय तथा अन्तराष्ट्रियरूपमा बहस पैरवी गर्न यो दिवसको महत्त्वपूर्ण भूमिका रहने उनले बताए ।

# दिक्तेलका नगरप्रमुख भट्टराईले तोडे अनसन

**काठमाडौं (प्रस)–** दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको नगरप्रमुख तीर्थराज भट्टराईको आमरण अनसन अन्त्य गरिएको छ । बाँस र अन्य स्थानीयस्तरमा उत्पादित सामग्रीको प्रवर्द्धन र उपयोग गर्नुपर्नेलगायत माग राखी उनी यही साउन १४ गतेदेखि माइतीघर मण्डलमा आमरण अनशन बसेका थिए ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीको उपस्थितिमा आइतबार विभिन्न मागमा समझदारीपछि अनसन अन्त्य गरिएको हो । निर्माण कार्यमा बाँसको प्रयोग गर्न सहरी विकास मन्त्रालयबाट बाँस भवनसंहितालाई अन्तिम रूप दिई सबै प्रक्रिया पूरा गरी लागू गरिने सहमतिपत्रमा उल्लेख छ ।

यस्तै, 'खोटाङलाई बाँसको राजधानी' का रूपमा विकास गरी बाँस अध्ययन तथा प्रवर्द्धन क्षेत्रको रूपमा विकास गर्नेलगायत विषयमा सहमति भएको छ । बाँस, स्वदेशी काठ वा नेपालमा उत्पादित वस्तु वा सामग्री खरिद गर्ने, पहिलो चरणमा वन तथा वातावरण मन्त्रालयअन्तर्गतका सबै निकायमा प्राथमिकताका साथ स्वदेशी वस्तुको खरिद र प्रयोग बढाउने, सरकारबाट स्वीकृत निर्देशिका तदारुकताका साथ कार्यान्वयन गर्नेलगायत विषय समझदारीपत्रमा समेटिएका छन् ।

यसैगरी बाँस तथा बेतको अध्ययन अनुसन्धानमा जोड दिने, रैथाने एवं परम्परागत ज्ञान, सीप र कलाको संरक्षण तथा प्रवर्द्धन गर्ने, सरोकार भएकाहरूमा प्रविधि, पूर्वाधार र प्राविधिक ज्ञान र सीप विकास गर्ने, यस्ता उत्पादनको प्रचारप्रसार, बजारीकरणमा सहयोगलगायत प्रोत्साहनसहितका कार्यक्रम तीनै तहका सरकारले सञ्चालन गर्ने, गराउने विषय पनि समझदारीपत्रमा उल्लेख छ ।


## युएइमा रोजगार

कम्पनी : AL HUMAIDI CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 328386 | चलानी नं. ६०२४२२४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 35 | 0 | 1000 | ३०,०८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL HUMAIDI CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 328387 | चलानी नं. ६०२४२२४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 35 | 0 | 1000 | ३०,०८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम इजाजत नं. १०१९/०६८/०६९

## कतारमा रोजगार

कम्पनी : Pushpanjali Trading And Contracting

पूर्व स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 328405 | चलानी नं. ६०२४२२४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CASHIER | 1 | 0 | 1300 | ४९,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Cleaning Worker | 1 | 0 | 1100 | ३८,४२४ | | | | | | | |
| 3 | Mason Worker | 1 | 0 | 1100 | ३८,४२४ | | | | | | | |
| 4 | Plaster Worker | 1 | 0 | 1100 | ३८,४२४ | | | | | | | |
| 5 | Plumber | 1 | 0 | 1100 | ३८,४२४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Leaders International Recruitment Agency Pvt. Ltd
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, Email: leadersnepal1615@gmail.com
श्रम इजाजत नं.१६१५/०७९/०८०

## साउदीमा रोजगार

कम्पनी : AL-ZABAD AL-AFDAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 328354 | चलानी नं. ६०२४२२४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 5 | 0 | 1100 | ४१,०२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Euro Tech Consultancy Pvt. Ltd.
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162
श्रम इजाजत नं. ५६७/०६२/०६३


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १०१ साउन १७ गते २०८२ मा प्रकाशित RELIANCE RECRUITMENT SERVICES PVT. LTD. को Lot No. 328276 को विज्ञापनमा कम्पनीको नाम National Stryctures Machinery &equipment Co. तथा अन्तर्वाता मिति: २०८२ साउन २६ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763, Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

## मोटरसाइकल हरायो

श्री हुलास फिन्सर्भ हायर प्रचेज प्रा.लि संस्थाबाट ऋणी समिर मुक्तानको नाममा रहेको । निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०८२।०४।०९ गते का.जि. कृतिपुर न.पा.-०९, हनुमानघाट निवाश गेट छेउमा पार्किङ गरी राखेको ठाउँबाट दिउसो १:०० देखि ५:०० बजे सम्मको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – Pulsar 220 CC
बाइक नं. BA Pra 02, 055 PA 3594
चेसिस नं. MD2A13FX6RCH83679
इन्जिन नं. DKXCR1149045
ठेगाना : कीर्तिपुर-९, काठमाडौं, नेपाल
रङ्ग – कालो र रातो
सम्पर्क नं. ९७६५३४७०६०

## वन पैदावार बोलपत्रद्वारा काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०४/१९

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको खयर जातको गोलिया थान १४७ को ६३४.७१ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्होराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**समैजी सामुदायिक वन उपभोक्ता समूह**
**कृष्णपुर न.पा वडा न.४, कञ्चनपुर**

## भागेश्वर सुगर एण्ड केमिकल्स इण्डष्ट्रिज प्रा. लि.

**पुर्नवास -०२, कञ्चनपुर**

**मूल्य सुची**

यस उद्योगबाट उत्पादित मोलासेस Extra Neutral Alcohal 68 OP (ENA) प्रतिलिटर मूल्य रू. १२५।- ले मिति २०८२/०४/१९ देखि बिक्री गरिने भएकोले सबैको जानकारीको लागि यो मूल्य सूची प्रकाशित गरिएको छ । यस मूल्यमा अन्त: शुल्क तथा मू.अ. कर समावेश गरिएको छैन ।

## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/04/१९**

यस सा.व.उ.स. बाट संकलन भएको साल चिरान काठ २८१.३८ क्यू फिट लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**सालडाँडा सा. वन उपभोक्ता समूह, व्यास ९, तनहुँ ।**

## श्री महेन्द्रनगर माध्यमिक विद्यालय

**भीमदत्त न.पा. १८, कन्चनपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२।४।१९**

यस विद्यालयको ठेक्का नं. 02/CLB/NCB/2081/082/Kan-Phase II, Construction of Lab building-Phase II (Second storey) का लागि मिति २०८२।२।२२ गतेको प्रभाव दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार पेश हुन आएका बोलपत्र प्रस्तावहरु मध्ये यस विद्यालयको निर्णयानुसार निम्नानुसारको बोलपत्र स्वीकृत गर्ने निर्णय भएकोले सार्वजानिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबै बोलपत्रदाताको जानकारीका लागि प्रकाशित गरिएको छ ।

| बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट र पि एस बाहेक) |
|---|---|
| New Bashuling Nirman Sewa, Bheemdatt-18, Kanchanpur | 59,84,025.75 |

**प्रधानाध्यापक**

## भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. १९८६ साल
चैत्र २७ गते

स्वर्गारोहण
वि.सं. २०८२ साल
श्रावण ७ गते

**स्व. पण्डित मायानाथ खतिवडा**

यस प्रा.लि.का प्रबन्ध निर्देशक श्री श्याम चन्द्र खतिवडा ज्यू को पुजनीय पिता **पण्डित मायानाथ खतिवडा**को ९६ वर्षको उमेरमा यही मिति २०८२ श्रावण ७ गते स्वर्गारोहण हुनुभएको आज **१३औं दिन**को पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै यस दुःखद् घडीमा शोक-सन्तप्त परिवारजनप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**साजन कटुवाल**
**अध्यक्ष**
**तथा**
**करियर इन्टरनेशनल सर्भिसेस प्रा.लि. परिवार**
धुम्बाराही-४, काठमाडौं

## हसना भास्तिपुरबचत तथा ऋण सहकारी संस्था लि.

डि.स.का. द.नं. २१५८/०६५/६६

च.न.पा.-१२, बलम्बु(भास्तिपुर), काठमाडौं

**ऋण चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना**

सूचना प्रकाशित मिति: २०८२/04/१९

यस संस्थाबाट ऋण लिने तपसिल बमोजिमका ऋणी सदस्यहरुको ऋण लिंदा गरिदिएको लिखत तथा शर्तनामामा तोकिएको अनुसार बुझाउनु पर्ने साँवा, व्याज समेतका रकमहरू नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उलंघन गरेको र संस्थाबाट मौखिक एवं लिखित रुपमा ऋणीले तिर्न बुझाउन पर्ने साँवा, व्याज, हर्जना रकम समेत खुलाई पटकपटक तरताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदरूकता नदेखाएको हुनाले यो ३५(पैंतिस) दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । अत: यो सुचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, व्याज र हर्जना लगायतका रकम एकमुष्ट चुक्ता फर्छ्यौट गर्ने गराउनको लागि सम्बन्धित ऋणी, धितोवाला, जमानीकर्ता एंव उल्लेखित ऋणसंग सम्बद्ध सबैलाई यसै सुचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पुर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले/धितोवालाले संस्थालाई लेखिदिएको धितो र कथमकदाचित उक्त धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम असुल उपर भई ऋण बाँकी रहन गएमा ऋणी तथा जमानत दिने व्यक्तिको आफ्नै वा एकासंगोलको परिवारको नाँउमा नेपाल राज्यभर भएको अन्य चलअचल सम्पति समेतबाट सहकारी ऐन, नियामवली, संस्थाको विनियम, नीति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्रि वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी र धितो/जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा ऋणी, धितोवाला, जमानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाबाट सूचित गरिन्छ ।

**तपशिल:**

| ऋणीको तीन पुस्ते विवरण र फोटो | धनजमानीकर्ताको तीन पुस्ते विवरण र फोटो |
|---|---|
| नाम : हिरा बहादुर महर्जन, स.नं. : 00१७२<br>सा. ठेगाना : बलम्बु-६, काठमाडौं<br>हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं<br>ना.प्र.नं. : १०२११<br>बुबाको नाम : ज्ञान बहादुर महर्जन<br>बाजेको नाम : माहिला महर्जन | नाम : अष्ट माया महर्जन, स.नं. : ०२८६३<br>सा. ठेगाना : बलम्बु-६, काठमाडौं<br>हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं<br>ना.प्र.नं. : ४१५५/३२२२२<br>बुबाको नाम : कृष्ण बहदुर महर्जन<br>बाजेको नाम : श्याम बहादुर महर्जन |
| नाम : मनोज पन्त, स.नं. : 00२५९<br>स्था. ठेगाना : रम्भा-१, पाल्पा<br>हा. ठेगाना : चन्द्रागिरि-१०, काठमाडौं<br>ना.प्र.नं. : ३९-०१-७४-०९०७१ बुबाको<br>नाम : राम लाल पन्त<br>बाजेको नाम : शिव देव पन्त | नाम : कृष्णजि अधिकारी<br>स्था. ठेगाना : गोरखा-३, गोरखा<br>अ. ठेगाना : चन्द्रागिरि-१०, काठमाडौं<br>ना.प्र.नं. : १४४७५<br>बुबाको नाम : इश्वर बहादुर अधिकारी<br>बाजेको नाम : चम्मन सिंह अधिकारी |
| नाम : अष्ट माया महर्जन, स.नं. : ०२८६३<br>सा. ठेगाना : बलम्बु-६, काठमाडौं<br>हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं<br>ना.प्र.नं. : ४१५५/३२२२२<br>बुबाको नाम : कृष्ण बहदुर महर्जन<br>बाजेको नाम : श्याम बहादुर महर्जन | नाम : हिरा बहादुर महर्जन, स.नं. : 00१७२<br>सा. ठेगाना : बलम्बु-६, काठमाडौं<br>हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं<br>ना.प्र.नं. : १०२११<br>बुबाको नाम : ज्ञान बहादुर महर्जन<br>बाजेको नाम : माहिला महर्जन |
| नाम : सबिन्द्र मानन्धर, स.नं. : 00400<br>सा. ठेगाना : बलम्बु-१, काठमाडौं<br>हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं<br>ना.प्र.नं. : ८२९८/३00५९<br>बुबाको नाम : भाई राम मानन्धर<br>बाजेको नाम : हर्ष नारायण मानन्धर | |
| नाम : कर्ण बहादुर राउत, स.नं. : 00२१०<br>स्था. ठेगाना : सैपु-१, रामेछाप<br>अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं<br>ना.प्र.नं. : २४०२९<br>बुबाको नाम : कुल बहदुर राउत<br>बाजेको नाम : पदम सिं राउत | |
| नाम : जयराम पोखरेल, स.नं. : 00१८६<br>स्था. ठेगाना : बैरेनी-७, धादि<br>अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं<br>ना.प्र.नं. : १३२८२<br>बुबाको नाम : मुरली पोखरेल<br>बाजेको नाम : कुलमान पोखरेल | |
| नाम : गोमा विष्ट, स.नं. : 00१४७<br>सा. ठेगाना : मातातिर्थ-१, काठमाडौं<br>हा. ठेगाना : चन्द्रागिरि-८, काठमाडौं<br>ना.प्र.नं. : ३०/९१०४४<br>बुबाको नाम : भरत विष्ट<br>पतिको नाम : विक्रम ध्वज थापा | |
| नाम : देव कृष्ण महर्जन, स.नं. : 00१०२<br>सा. ठेगाना : काठमाडौं-१२, काठमाडौं<br>हा. ठेगाना : काठमाडौं-१४, काठमाडौं<br>ना.प्र.नं. : ८00२<br>बुबाको नाम : देव नारायण महर्जन<br>बाजेको नाम : सया भाई महर्जन | नाम : वविता श्रेष्ठ, स.नं. : 0003१<br>सा. ठेगाना : काठमाडौं-१२, काठमाडौं<br>हा. ठेगाना : काठमाडौं-१४, काठमाडौं<br>ना.प्र.नं. : १९८/२९१०<br>बुबाको नाम : सूर्यमान श्रेष्ठ<br>पतिको नाम : देव कृष्ण महर्जन |
| नाम : दिपक तामाङ्ग, स.नं. : 000९४<br>स्था. ठेगाना : पालुङ्ग-९, मकवानपुर<br>अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं<br>ना.प्र.नं. : ३१३०३५/२६६<br>बुबाको नाम : अर्जुन तामाङ्ग<br>पतिको नाम : शेर बहादुर तामाङ्ग | |
| नाम : विनोद महर्जन, स.नं. : ०३00७७६<br>सा. ठेगाना : सतुंगल-४, काठमाडौं<br>हा. ठेगाना : चन्द्रागिरि-१०, काठमाडौं<br>ना.प्र.नं. : १०४४८<br>बुबाको नाम : धन बहादुर महर्जन<br>पतिको नाम : अष्टमान महर्जन | |
| नाम : मुना कुंवर, स.नं. : ०३00२२५<br>सा. ठेगाना : शिवपुर-७, कपिलवस्तु<br>हा. ठेगाना : चन्द्रागिरि-१०, काठमाडौं<br>ना.प्र.नं. : ३८२०५८/४१९<br>बुबाको नाम : घनश्याम भुसाल<br>पतिको नाम : रमेश कुंवर | नाम : रमेश कुंवर, स.नं. : ०३00५८६<br>सा. ठेगाना : शिवपुर-७, कपिलवस्तु<br>हा. ठेगाना : चन्द्रागिरि-१०, काठमाडौं<br>ना.प्र.नं. : १६-१०८७-७७००<br>बुबाको नाम : पदम बहादुर कुंवर<br>बाजेको नाम : डम्बर बहादुर कुंवर |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# गल्ती ढाकछोप गर्न समितिको अर्को गल्ती

सांसदहरूको मुख्य काम हो, जनतालाई अप्ठेरा परेका वा बाधा अड्चन परेका विषयमा खुकुलो पारिदिने । यसका लागि नीति तथा कानुनहरू बनाउने, संशोधन गर्ने, परिमार्जन गर्ने काममा सांसदहरूले विशेष ध्यान दिनुपर्छ । यसपटक यस्तै विषयमा संघीय निजामती कानुन बनाउने क्रममा संघीय निजामती विधेयक तयार भयो । संघीयता कार्यान्वयनका लागि महत्त्वपूर्ण मानिएको यो विधेयकमा लामो बहसपछि 'कुलिङ पिरियड' राख्ने सहमति भयो । सुशासनका लागि यो व्यवस्था अनिवार्य छ । किनभने कुनै पनि कर्मचारीले अवकाश पाउनसाथ संवैधानिक निकाय वा सरकारी कार्यालयमै काम गर्न निश्चित समय अवकाशमा बस्नैपर्छ । यो व्यवस्था राख्न राज्य व्यवस्था समितिका सदस्यहरू तयार भएका थिए ।

तर प्रतिनिधिसभाबाट पारित हुँदा उक्त व्यवस्था निष्क्रिय हुनेगरी शब्दमा गडबडी गरिदिए । जेठ ३ मा संघीय निजामती विधेयक प्रतिनिधिसभा पुगेको थियो । त्यहाँबाट असार १५ गते सबै सांसदले ताली बजाउँदै पारित गरे । त्यसपछिमात्र विधेयकमा भएको गडबडीबारे सांसदहरूले चाल पाए । त्यसपछि एकले अर्कोलाई दोष देखाउँदै दलका नेताहरू पन्छिँदै आएका छन् । यसबारे लामो बहस भएपछि असार २३ गते कांग्रेस सहमहामन्त्री जीवन परियारको संयोजकत्वमा विशेष छानबिन समिति बनायो ।

समिति बन्नुअघि सत्तारुढ दल नेकपा एमाले र नेपाली कांग्रेस एकले अर्कोलाई धारेहात लगाउँदै कमजोरीको दोष एकले अर्कोमाथि लगाए । समितिमा कांग्रेसबाट दुई, एमालेबाट दुई, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक एक गरी सात सदस्य राखियो । अहिले एमाले र कांग्रेसका सदस्यलाई दलले ह्विप लगाएर कसैलाई कारबाही सिफारिस नगर्न निर्देशन दिइसकेको छ । यो समितिको म्याद सकिँदै गर्दा समितिले कुलिङ पिरियड गडबडीमा कसैलाई पनि कारबाही नगर्ने गरी प्रतिवेदन तयार पारिसकेको छ । प्रतिवेदनमा 'मानवीय त्रुटि'सम्ममात्र लेख्ने तयारी छ । यो गल्ती छोप्ने अर्को गल्ती हुने छ । यस्तो नजिरले भोलिको दिनमा त्रुटि हुँदा पनि छुट दिँदै जाने अवस्था बन्ने छ ।

यसरी कानुन बनाउँदा सर्तहरू वा शब्दहरू ध्यान दिएर नपढेका कारण सांसदको गरिमा घट्न थालेको छ । हुन त सांसदहरू कानुन बनाउनका लागि गठन भएको समितिमासमेत फितलो देखिन्छन् । समिति उपसचिवको नियन्त्रणमा हुन्छ । कुनै पनि विधेयक छलफलका क्रममा विज्ञहरू डाकिए पनि विज्ञलाई 'भाइरल माननीय'हरूले अत्याउँछन् । विज्ञलाई भाइरल माननीयहरूले उल्लीबिल्ली पार्छन् । त्यसपछि उपसचिवले माइन्युट गरेर शब्दमा गडबड गरिदिन्छन् । निजामती विधेयक यसैको उपज हो । त्यसैले जनताको प्रतिनिधि सांसदले कानुन बनाउन तयार पारिने विधेयकहरूमा अध्ययन गर्नुपर्छ भन्ने बुझ्न जरुरी छ । त्यसो नगरिए सांसद पदको गरिमा नै संकटमा पर्ने निश्चित छ ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# राजनीतिमा इमान र निष्ठाको खाँचो



■ सुहाङ नेम्वाङ

संसद्भित्र यो वा त्यो पार्टीभन्दा पनि जनताको समस्या र देशको चुनौतीका विषयमा संवाद गर्नुपर्छ । कुनै पनि कुराको समाधान संवादमार्फत नै गर्न सकिन्छ । तर, संसद्मा दलहरूका बीचमा जुन प्रकारका गतिविधि भइरहेको छ, त्यसलाई उचित भन्न सकिन्न । हामी संयमित र संसदीय ढंगले एकजुट भएर अगाडि बढ्न जरुरी छ । यहाँ नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रमात्रै होइन, देशप्रति सम्पूर्ण पार्टीको उस्तै र उत्तिकै दायित्व छ । त्यो दायित्व सबैले निर्वाह गर्नुपर्छ ।

सांसद हुनुभन्दा पहिले बुबा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एमाले) उपाध्यक्ष तथा सभामुख सुवासचन्द्र नेम्वाङका अनुभव, विचार, सिद्धान्त संसदीय गतिविधि सुन्ने र बुझ्ने गर्थें । त्यतिबेला मैले संसदीय अभ्यासलाई हल्का रूपमा लिएको रहेछु भन्ने अहिले महसुस हुन्छ । तर सांसदका रूपमा संसदीय अभ्यासमा सहभागी हुँदा सतहीबाट हेरेकोभन्दा यो निकै फरक रहेछ भन्ने बुझेको छु । प्रतिनिधिसभा सदस्य भएपछि धेरै विषय जान्ने र सिक्ने मौका पाएको छु । संसदीय कार्यक्रम कसरी अगाडि बढ्छ ? ऐन/कानुन, नीति निर्माण र कार्ययोजनाको तय कसरी हुन्छ भन्ने सिक्ने मौका पाएको छु ।

कानुन वा नीति निर्माणको पाटोमा संसद् सकारात्मक र दृढताका साथ लागेको छ । मेरो अनुभवमा संसद्ले कयौं नीति निर्माण गरेको छ । विभिन्न विधेयकमाथि पटक-पटक समितिमा छलफल भएको छ । विधेयक निर्माणमा सांसदले खेल्नुपर्ने भूमिका प्राथमिकताका साथ निर्वाह गरिएको छ । सक्रियताको हिसाबले सबै सांसदले कानुन निर्माणमा सकारात्मक भूमिका खेल्नुभएको छ ।

मैले पटक-पटक भन्ने गरेको छु, संसद् पवित्र स्थल हो । यो सुशासनको मन्दिर हो । सुशासनको मन्दिर र सम्मानित स्थलमा जनगुनासा र वास्तविक समस्या सबै जनप्रतिनिधिहरूले उठाउनुहुन्छ । जनताका गुनासालाई छिटो-छरितो रूपमा समाधानको प्रयास पनि गरिएको छ । सरकारले पनि प्राथमिकताका आधारमा समाधान गर्दै आएको छ । मैले प्रतिनिधित्व गर्ने इलामको हकमा त्यहाँका छुर्पी उद्यमीका समस्या पटक-पटक सदनमा उठाएको छु । उहाँहरूको समस्या भ्याट (कर)सँग सम्बन्धित थियो । मैले इलाममा बाटो र पुलको कुरा पनि थिएँ । मैले समस्या उठान गरेपछि अहिले सरकार समस्या समाधानमा लागेको छ । यद्यपि, प्रणालीभित्र केही कमीकमजोरी छैनन् भन्दिनँ, त्यसबाट पाठ सिकेर समाधान खोजिनुपर्छ भन्ने लाग्छ ।

जनशक्ति पलायन हुनु भनेको युवाको मात्रै विषय होइन, यो समग्र नेपालका सचेत नागरिकसँग जोडिएको विषय हो । युवा वा अर्को समूह छुटचाएर सोच्नु हुँदैन । विदेश पलायन हुनेमा युवा शक्तिमात्रै छैनन् । ५० वर्ष उमेर पुगेका पनि पलायन भएको देखिन्छ । उहाँहरू रोजगारी वा राम्रो सेवासुविधाका लागि पलायन हुनुभएको छ । हामीले युवा पलायनलाई रोजगारीसँग मात्रै जोडेर हेरेका छौं, कुरा रोजगारीको मात्रै होइन । यसमा सरकारले जनतालाई उपलब्ध गराउने सेवासुविधाका विषय र प्रक्रियाले पनि प्राथमिक महत्त्व राख्छ । देशमा भएका कमीकमजोरी बुँदागतरूपमा टिपोट गर्नुपर्छ । समस्या सेवा, रोजगारी वा युवा उद्यमशीलता के हो ? त्यसपछि समाधानको उपाय खोज्नुपर्छ । जनताको स्वास्थ्य र शिक्षाको पनि कुरा हुनसक्छ । युवा पलायनलाई विभिन्न कोणबाट अध्ययन गरी समस्याको समाधान खोज्नुपर्छ । यस सम्बन्धमा सरकारले पनि काम नगरेको होइन तर पर्याप्त छैन ।

कृषि र पर्यटनमा अथाह सम्भावना छन्, त्यसैले रणनीतिकरूपमा यी क्षेत्रमा लगानी बढाउनुपर्छ । म सांसद भएपछि धेरै ठाउँको बाटो र सरकारी भवनको अनुगमन गर्न गएँ । सडकको गुणस्तर र मर्मतमा कमीकमजोरी भएको देखिन्छ । समयमै सडकलगायतका पूर्वाधार नबनाउँदा ८० प्रतिशत काम र लगानी भइसकेका आयोजना पुनः शून्यमा झरेको पनि अवस्था छ । मुलुकमा आर्थिक समृद्धि ल्याउन विशेषगरी कृषि र पर्यटनलाई प्राथमिकतामा राखेर काम गर्ने हो भने चाँडो लक्ष्य प्राप्तिमा पुग्न सक्छौं भन्ने मेरो बुझाइ छ ।

संविधान संशोधनभन्दा पनि पहिले संविधान कसरी प्राप्त गरियो भन्ने कुरा बुझ्न जरुरी छ । अग्रजहरूको ठूलो संघर्ष र बलिदानीबाट प्राप्त संविधान अहिले कार्यान्वयनमा छ । संविधानमाथि समीक्षा गर्नुपर्ने कयौं ठाउँ छन् । संविधान जारी भएपछि मानव अधिकारसँग सम्बन्धित विषय कति कार्यान्वयन गरियो त ? संविधान संशोधनभन्दा पनि कार्यान्वयनको पाटोलाई विशेष प्राथमिकतामा दिनु अहिलेको आवश्यकता हो । संविधानभित्रै रहेका व्यवस्था सुदृढ बनाउन ध्यान दिनुपर्छ । हामीले कानुन बनाउँछौं, तर कानुन बनाएर मात्रै पुग्दैन त्यसको सही र प्रभावकारी कार्यान्वयन अहिलेको मुख्य विषय हो । संविधान संशोधनभन्दा पहिला कार्यान्वयनको पाटोमा समीक्षा गर्नुपर्छ । संविधानको कुन भाग र धारामा अस्पष्टता छ, त्यसको समीक्षा गरेपछि मात्रै संशोधनको मार्ग तयार हुन्छ ।

संसद्भित्र यो वा त्यो पार्टीभन्दा पनि जनताको समस्या र देशको चुनौतीका विषयमा संवाद गर्नुपर्छ । कुनै पनि कुराको समाधान संवादमार्फत नै गर्न सकिन्छ । तर, संसद्मा दलहरूका बीचमा जुन प्रकारका गतिविधि भइरहेको छ, त्यसलाई उचित भन्न सकिन्न । हामी संयमित र संसदीय ढंगले एकजुट भएर अगाडि बढ्न जरुरी छ । यहाँ नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रमात्रै होइन, देशप्रति सम्पूर्ण पार्टीको उस्तै र उत्तिकै दायित्व छ । त्यो दायित्व सबैले निर्वाह गर्नुपर्छ ।

मेरो फेरि पनि आग्रह छ, संसद् भनेको अनावश्यक टीकाटिप्पणी र गालीगलौज गर्ने ठाउँ होइन । त्यहाँ जुन तरिकाले कुराहरू उठ्छ, त्यो प्रमाणसहित सत्यतथ्यका आधारमा विषयवस्तु उठाइनुपर्छ । कुनै सांसदले गल्ती गरेको छ भने त्यसलाई सुधार्न सिंगो पार्टी लाग्नुपर्छ । पूरै प्रणाली लाग्नुपर्छ । सच्याएर अगाडि बढ्नुको विकल्प हुँदैन ।

हामीले निर्वाचन प्रणालीलाई मात्रै दोष दिएर हुँदैन । राजनीतिमा पढे/लेखेको वा जाने/बुझेका व्यक्तिलाई मात्र मापदण्डका रूपमा लिने गरेका छौं । हामीले कहिले पनि इमान र निष्ठापूर्वक काम गर्ने मानिस चाहिएको छ भनेनौं । त्यसकारणले निर्वाचनमा इमान र निष्ठापूर्वक काम गर्ने व्यक्तिलाई जिताएर पठाएयौं भने निर्वाचन भड्किलो र महँगो हुँदैन । जनताको भावना, देशको परिस्थिति र भूगोललाई बुझ्ने व्यक्तिलाई छान्नुपर्छ ।

नागरिकका सवाललाई सदनमा उठाउँदै आएको छु । उहाँहरूका सुझाव र सल्लाहलाई मनन गरेर अगाडि बढेको छु । म निर्वाचित भएको इलाम जिल्लाको सम्बन्धमा सेवायुक्त वा सुविधासम्पन्न बनाउन उपनिर्वाचन हुनुभन्दा पहिलेदेखि नै सबैसँग सल्लाह सुझाव लिएको थिएँ । सेवासुविधा बढाउन बाटो र पुलको अति आवश्यक भएकाले त्यसलाई नै प्राथमिकतामा राखेर काम गर्ने पहल गरिरहेको छु । इलामको शिक्षा र स्वास्थ्यलाई पनि मैले प्राथमिकतामा राखेको छु ।

*(नेकपा एमालेका नेता एवं प्रतिनिधिसभा सदस्य नेम्वाङसँग राससले गरेको कुराकानीमा आधारित)*

# दल र नेताहरु नै बाधक

रूषा थापा

नेताहरु स्थानीय तहलाई काम गर्नै दिँदैनन् । काम गर्न खोज्यो भने बाधक बनिहाल्छन् । किनकि भोलि फेरि उसले चुनाव जित्न सक्छ । उसको भोट बढ्नसक्छ । त्यसकारण स्वतन्त्र जनप्रतिनिधिले गर्ने हरेक काममा राजनीतिक दल प्रमुख बाधक बनेका छन् ।

२०७४ फागुन ३ गते नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली दोस्रोपटक प्रधानमन्त्री बने । उनी नेतृत्वको सरकारमा रामबहादुर थापा गृहमन्त्री भए । उनले उपत्यकाभित्र सञ्चालित कवाडी गोदाम, ड्राइभिङ सेन्टर, बसपार्क, अटो शोरुम, रिकन्डिसन, वर्कसप, हार्डवेयर, सिमेण्ट गोदाम, पार्टी प्यालेस, व्यापारिक मल, सुपरमार्केट, तथा तरकारी बजार बाहिर सार्ने निर्णय गरे ।

यस्तो निर्णय गर्नुको कारण थियो, अस्तव्यस्त ट्राफिक जाम । गृहमन्त्री थापाले निर्णय गर्दै ३५ दिने सूचना जारी गरे । सो अवधिभित्र उपत्यकाबाट त्यस्ता व्यापार व्यवसाय सार्न भनियो । यद्यपि, अहिले पनि उपत्यकामा यस्ता व्यवसाय सञ्चालन भइरहेका छन् ।

यता, काठमाडौं महानगरपालिकाले केही वर्षअघि एउटा सूचना निकाल्यो, कवाडी हटाउने । महानगर क्षेत्रभित्र कवाड व्यवसाय सञ्चालन गर्न नदिने भनिएको छ । सोहीअनुरूप महानगरले कवाड व्यवसाय हटाउनसमेत थालेको छ । तर, कवाड व्यवसायमा केही राजनीतिक दलका नेताहरूको लगानी छ । त्यसकारण महानगरको यो निर्णयविरुद्ध उनीहरू लागिपरेका छन् । महानगरलाई असफल बनाउन सरकार र राजनीतिक दल सक्दो प्रयास गरिरहेका छन् ।

०७९ मंसिर १२ गते थापाथलीको सुकुम्बासी बस्ती हटाउन महानगर प्रहरी बलको डोजर पुग्यो । सुकुम्बासी र महानगर प्रहरीबीच द्वन्द्व भयो । र, महानगर प्रहरी पछि हट्यो । त्यतिबेला एमाले विपक्षमा थियो । ओलीले सुकुम्बासी हटाउने महानगरको कदमको चर्को विरोध गरे । अहिले उपत्यकाभित्र जति पनि पेट्रोल पम्प वा ग्यास डिपो सञ्चालित छन्, ती अव्यवस्थित र मापदण्डविपरीत छन् ।

महानगरले त्यो हटाउन खोज्दा पनि ओलीले विरोध गरे । न्युरोडमा फुटपाथ विस्तार गर्न खोज्दा पनि एमाले नै बन्धक बन्यो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल छेउमै हवाई इन्धन डिपो छ । थानकोटमा ग्यास डिपो छ । यी डिपोका कारण जोखिम बढेको छ । सानो दुर्घटनालेसमेत यहाँ ठूलो जनधनको क्षति पुग्नसक्छ ।

ओली नेतृत्वको सरकारले ०८१ साउनमा एयरपोर्ट नजिकको हवाई इन्धन डिपो सार्ने निर्णय गरे पनि हालसम्म सारिएको छैन । जग्गा विवादका कारण यो निर्णय अलपत्र हुन पुगेको छ । उपत्यका क्षेत्रफलको हिसाबले सानो छ । तर, रंगशालादेखि हरेक सरकारी निकाय, एयरपोर्ट, तरकारी बजार, बसपार्क सबै यही छ । जसले उपत्यकालाई अस्तव्यस्त बनाएको छ ।

उपत्यका ट्राफिक जामको अखडा बनेको छ । सबै सेवासुविधा यही भएपछि देशभरका जनता पनि यही थुप्रिएका छन् । उपत्यकामा एउटा कोठाको लागि हानाथाप भइरहँदा गाउँका घरमा ताल्चा झुण्डचाइएको छ । रोपनीका रोपनी जमिन बाँझो छाडिएको छ ।

यतिमात्र होइन, गाउँमा पर्याप्त जग्गा भएकाहरू यहाँ सुकुम्बासी हौं भन्दै खोला, नदी किनाराको जमिन कब्जा गरेर बसेका छन् । करोड पर्ने जमिन सित्तैमा पाइने भएपछि सुकुम्बासीको नाममा उपत्यकाको खोला, नदीको जमिन हडप्ने क्रम जारी छ । फेरि हाम्रा नेताहरूमा पनि भिजन एक रूपैयाँको भएन ।

जे मन लाग्यो, त्यही गरिदिने । सत्यतथ्य थाहा नपाई विश्वास गरेर कसैलाई पनि सरकारी सम्पत्ति दानमा दिइदिने । जनतामा पनि कहिल्यै चेतना आएन । नेताहरूको असली रूप देखेर पनि अनदेखा गरिरहेका छन् । शेरबहादुर देउवाले डडेलधुराबाट चुनाव जितेका छन् । तर, उनी वर्षमा एक दिन पनि त्यहाँ जाँदैनन् । काठमाडौंमा आलिशान घर बनाएर बसेका छन् ।

ओलीको पनि बालकोटमा महलजस्तो घर छ । यद्यपि, उनी चुनावचाँहि झापाबाट लड्छन् । आम जनता पार्टीका अध्यक्ष एवं सांसद प्रभु साहले कवाड व्यवसाय हटाउने काठमाडौं महानगरको निर्णयको चर्को विरोध गरिरहेका छन् । काठमाडौंबाट कवाड व्यवसाय हटाउनुहुन्न भन्दै उनी उफिरहँदा विदेशी ऋण लिनुहुन्न, छिमेकीले कब्जा गरेको नेपाली भूभाग फिर्ता ल्याउनुपर्छ भनेर चाहिँ चुइक्क बोल्दैनन् ।

नेताहरू स्थानीय तहलाई काम गर्नै दिँदैनन् । काम गर्न खोज्यो भने बाधक बनिहाल्छन् । किनकि भोलि फेरि उसले चुनाव जित्न सक्छ । उसको भोट बढ्नसक्छ । त्यसकारण स्वतन्त्र जनप्रतिनिधिले गर्ने हरेक काममा राजनीतिक दल प्रमुख बाधक बनेका छन् । भक्तपुरको सूर्यविनायक नगरपालिकाका मेयर वासुदेव थापाले केही दिनअघि प्रधानमन्त्री ओलीलाई भेटेर नगरपालिका क्षेत्रमा क्रिकेट रंगशाला बनाइदिन आग्रह गरे ।

खेतीयोग्य जमिनहरू यस्तै रंगशाला, भ्यु टावर, सरकारी कार्यालय, निजी घर तथा बाटो बनाउने नाममा मासिएको छ । जमिनमात्र होइन, राज्यको करोडौं रकम पनि यसमा खर्च हुने गरेको छ । फेरि काममा दुई करोड लागेमा ३० करोड लागेको भनी भुक्तानी लिने । उद्योग, कलकारखाना खोल्नुपर्ने ठाउँमा यस्ता अनावश्यक क्षेत्रमा करोडौं खर्चिरहेको अवस्था छ ।

देशका युवाहरू काम नपाएर धमाधम विदेसिरहेका छन् । अनि युवालाई रोक्न देशभित्रै उद्योग, व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्नुको साटो सरकारचाहिँ नचाहेको ठाउँमा रंगशाला, सरकारी कार्यालय, बाटो बनाउनमै व्यस्त छ । दुर्गममा अझै पनि बाटो पुगेको छैन । यहाँ त आज पिच गरिएकाने बाटो भोलि ढल वा खानेपानी जोड्ने भन्दै निकालिन्छ ।

राजनीतिक दल र नेता कलाकारभन्दा कम छैनन् । आफैं देश लुट्छन्, आफैं विरोध गर्छन् । यसको ज्वलन्त उदाहरण हो, मजदुर किसान पार्टी । ०४८ सालदेखि भक्तपुरमा यो पार्टीले जित्दै आएको छ । पहिले नारायणमान बिजुक्छे र अहिले प्रेम सुवाल भक्तपुर क्षेत्र नम्बर १ का जनप्रतिनिधि छन् । स्थानीय तहमा नेमकिपाकै जनप्रतिनिधि छन् ।

भक्तपुरका सरकारी, सार्वजनिक, गुठी, ऐलानी, मठमन्दिर, ताल, पोखरीका जग्गा सबै व्यक्तिको नाममा गइसक्यो । यहाँ ८० प्रतिशत स्थानीय विस्थापित भइसके । यहाँको सरकारी जग्गा नेमकिपाकै कार्यकर्ताले आफ्नो नाममा लगेका छन् । अनि सांसद प्रेम सुवालचाँहि सदनमा देशको कुरा गर्छन् ।

भ्रष्टाचार र राज्यको सम्पत्ति दोहन गर्नेलाई टुँडिखेलमा झुण्डाइयोस् भन्छन् । त्यसो भए उनी आफैं कहिले गएर झुण्डिने त ? नेताहरूले जनतालाई भ्रममा पार्ने, देश लुट्ने र आफ्नालाई पोस्नेबाहेक केही गरेनन् । जनताको कर र राज्यको सम्पत्तिको दोहन गर्न मात्र जाने । सरकारी, सार्वजनिक, गुठीका जग्गा देख्नै नहुने !



**बाढीको जोखिममा बस्ती** | सिरहाको लहान–४ स्थित बलान नदीको कटानले जोखिममा परेका सुन्दरपुर र इस्लामपुरका बस्ती । तटबन्ध नहुँदा वर्षासँगै बाढी पस्यो भने ठूलो क्षति हुने जोखिम रहेको स्थानीयवासीले बताएका छन् ।
*तस्बिरः सुदीप राउत/रासस*

# किसानलाई स्यालो ट्युबवेल वितरण गर्दै मधेस प्रदेश सरकार

**धनुषा–** मधेस प्रदेश सरकारले सुक्खाग्रस्त तथा खडेरीको मारमा परेका किसानका लागि १८ करोड रूपैयाँ लागतमा स्यालो ट्युबवेल वितरण प्रक्रिया सुरु गरेको छ । मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सुक्खा क्षेत्र सहयोग कार्यक्रमअन्तर्गत प्रदेशका आठ जिल्लाका किसानलाई स्यालो टचुबवेल वितरण योजना ल्याएको हो ।

धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिरहा र सप्तरीमा पानी अभावमा खडेरीबाट पीडित किसानलाई सम्बन्धित कृषि ज्ञान केन्द्रको कार्यालयबाट स्यालो टचुबवेल वितरण सुरु गरिएको मन्त्रालयका प्रवक्ता सरोज चौधरीले जानकारी दिए । जनताको आवश्यकता तथा प्राथमिकताका आधारमा एक हजार २०० स्यालो टचुबवेल वितरण गरिने उनले बताए ।

एउटा स्यालो टचुबवेल जडान गर्न एक लाख रूपैयाँदेखि तीन लाख रूपैयाँसम्म खर्च हुने प्रवक्ता चौधरीले बताए । सोलार जोड्दा थप खर्च हुने छ । टचुबवेल जडान गर्दा पानीको सतह (गहिराइ) कति छ त्यसको आधारमा खर्च लाग्ने उनको भनाइ छ ।

सूचना जारी भएसँगै अहिले कृषि ज्ञान केन्द्र धनुषामा स्यालो टचुबवेलका लागि आवेदन दिने किसानको घुइँचो लागेको छ । केन्द्रका कृषि प्राविधिक गणेश अधिकारीले शुक्रबारसम्म एक हजार १०० भन्दा बढी आवेदन प्राप्त भएको जानकारी दिए । उनका अनुसार निवदेन बुझाउने समय आइतबारसम्म रहेकाले यो संख्या अझै बढ्छ । प्राविधिक अधिकारीले कार्यालयले उपलब्ध गराउने स्यालो टचुबवेलभन्दा बढी संख्यामा निवेदन प्राप्त भइरहेको बताए । उनले भने, 'कार्यालसँग २०० को हाराहारीमा स्यालो टचुबवेल जडान गर्ने बजेट छ । तर निवेदन त्यसको दोब्बर प्राप्त भएको छ ।'

उनले प्राप्त निवेदनको छानबिन गरी मापदण्ड पुगेका किसानको खेतबारीमा स्यालो टचुबवेल जडान प्रक्रिया अगाडि बढाउने बताउँदै यस वर्ष पर्याप्त वर्षा नभएकाले सिँचाइको विकल्प स्यालो टचुबवेलतर्फ आकर्षण बढेको बताए । शुक्रबार आवेदन दिन आएका क्षीरेश्वरनाथ नगरपालिका–९ दिगम्बरपुरका किसान रामबाबु महतोले लामो समयदेखि वर्षा नभएकाले धान रोपाइँ रोकिएको बताए । उनले भने, 'यस वर्ष समयमा पानी परेन, खेत सबै सुक्खा छ ।'

कृषि ज्ञान केन्द्र धनुषाले साउन १२ गते सूचना प्रकाशित गरेर सात दिनभित्र आवश्यक कागजातसहित निवेदन पेस गर्न आह्वान गरेको थियो । आवेदन पेस गर्नका लागि किसानसँग १० रूपैयाँको हुलाक टिकट टाँस भएको आवेदन फारम, नागरिकताको प्रतिलिपि, स्थानीय तहको सिफारिस, जग्गाधनी पुर्जाको प्रतिलिपि र जडान गर्ने कित्ताको प्रमाणित नक्सालगायत कागजात माग गरेको छ । एउटा स्यालो टचुबवेल लिनका लागि दुई बिघा खेतीयुक्त जमिनको प्रमाणित लालपुर्जा कृषि ज्ञान केन्द्रमा पेस गर्नुपर्ने छ ।

# निकुञ्जको ज्यादतीले संकटमा परम्परागत पेसा

## अनुमतिपत्र नवीकरणको माग गर्दै बोटे समुदाय

> वन र खोलामा नजाने हो भने घर चल्दैन, जाने हो भने निकुञ्जले समातेर आधाबार पुऱ्याउँछ र अपराधीजस्तो महसुस गराउँछ । त्यसैले सरकारले हाम्रो परम्परगत सीप र जीवनशैली बुझिदिनुपर्छ ।
>
> **■ कान्छीमाया बोटे**

> हामीलाई १५ सय कमाउन निकै मुस्किल पर्छ तर १५ सय पर्ने जाल निकुञ्जले खोसेर लान्छ, हामी रूँदै घर फर्कन्छौं, कहिले त भोकै सुत्नुपर्छ ।
>
> **■ जितबहादुर बोटे**

**■ अञ्जली थापा**

**हेटौंडा (मकवानपुर)–** 'हामी खोला र वनका रक्षक हौं, अपराधी होइनौं, हाम्रो संस्कृति, पेसा र पहिचान जोगाउन सरकारले ध्यान दिनुपर्छ,' माछा मार्ने जाल बुन्दाबुन्दै जनप्रतिनिधि बनेकी मकवानपुरको मनहरी गाउँपालिका–७ की कान्छीमाया बोटेले भनिन् । माछा मार्ने अनुमतिपत्र नवीकरण गरिदिनुपर्ने उनको माग छ ।

कान्छीमाया भन्छिन्, 'वन र खोलामा नजाने हो भने घर चल्दैन, जाने हो भने निकुञ्जले समातेर आधाबार पुऱ्याउँछ र अपराधीजस्तो महसुस गराउँछ । त्यसैले सरकारले हाम्रो परम्परगत सीप र जीवनशैली बुझिदिनुपर्छ ।' खोलामा माछा मार्ने विकल्पका रूपमा धन कमाउन विदेश गएको २७ वर्षीय छोराको शव फर्किएको घटना सम्झन्छिन् उनी । भन्छिन्, 'हामीलाई विदेशमा मर्न बाध्य नबनाऊ सरकार, हाम्रो आफ्नै पहिचान छ, जुन वातावरणमैत्री नै हो ।'

उनका अनुसार बोटे समुदाय प्रकृति पुजारी भएकाले प्रकृतिलाई क्षति नपुऱ्याई जीवन धान्ने गरिएको थियो । सामुदायिक वन भने पनि पस्न नपाउने भएकाले त्यो समुदायको हो भन्नेसम्म पनि नलागेको कान्छीमाया बताउँछिन् ।

राप्ती खोलामा माछा मार्न नपाइने र जंगलमा जान नपाइने अवस्था आएपछि बोटे समुदाय परम्परागत पेसाबाट विस्थापित हुँदै गएको कान्छीमायाले बताइन् । उनका अनुसार बोटे समुदायको परम्परागत पेसा माछा मार्ने र डुंगा चलाउने हो, तर पर्सा र चितवन राष्ट्रिय निकुञ्जको छेउबाट बग्ने राप्ती नदीमा माछा मार्न प्रतिबन्ध लगाइएपछि करिब ५० घर रहेको बोटे बस्ती रोजगारीविहीन बन्दै गएको छ ।

कान्छीमाया भन्छिन्, 'माछाविना हाम्रो संस्कारै रोकिन्छ, न जन्मोत्सव हुन्छ, न मृत्युसंस्कार ।' उनका अनुसार राप्ती खोला र नजिकको जंगलमा आश्रित बोटेहरूका लागि पहिल्यै दिइएको माछा मार्ने अनुमतिपत्र (लाइसेन्स) दुई वर्षदेखि नवीकरण भएको छैन । करिब ३५ जनाले पाएको लाइसेन्स पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयले नवीकरण नगरेपछि समस्या चुलिएको उनी बताउँछिन् ।



**बोटे समुदायको परम्परागत पेसा माछा मार्ने र डुंगा चलाउने हो, तर पर्सा र चितवन राष्ट्रिय निकुञ्जको छेउबाट बग्ने राप्ती नदीमा माछा मार्न प्रतिबन्ध लगाइएपछि करिब ५० घर रहेको बोटे बस्ती रोजगारीविहीन बन्दै गएको छ ।**

कान्छीमायाका अनुसार बोटे समुदायको जीवनयापनको माध्यम नै वनको कुरिलो, निगुरो, तामालगायत संकलन गर्ने र बेचेर घर धान्नेमा उक्त कार्य निकुञ्जको नियमनले रोक लगाएको छ भने खोला किनारमा खोलिएको सामुदायिक माछापोखरी पनि गाउँपालिकाको सहयोग नपाउँदा बन्द भएको छ । वैकल्पिक रोजगारी खोज्दै बोटे समुदायका धेरैजसो सदस्य इँटाभट्टा, बालुवा संकलन, खेतमा मजदुरी, बाख्रापालन, गाईपालन र भाडाको जग्गामा कृषिकार्यमा लागेका छन् । तर यसले दीर्घकालीन समाधान दिएको छैन ।

निकुञ्ज प्रशासनले नवीकरणका लागि संकलन गरेको माछा मार्ने अनुमतिपत्र नदिएकाले तनाव भएको जितबहादुर बोटे बताउँछन् । उनी भन्छन्, 'हामीलाई १५ सय कमाउन निकै मुस्किल पर्छ तर १५ सय पर्ने जाल निकुञ्जले खोसेर लान्छ, हामी रुँदै घर फर्कन्छौं, कहिले त भोकै सुत्नुपर्छ ।' अनुमतिपत्र नवीकरण भए जीवन धान्न सहज हुने उनी बताउँछन् ।

### संस्कृति जोगाउने प्रयास

बोटे समुदायको सांस्कृतिक अस्तित्वसमेत संकटमा छ । परम्परागत भाषा, रीतिरिवाज र संस्कार नयाँ पुस्तामा हस्तान्तरण नहुँदा लोप हुने अवस्था आएको छ । चितवनमा भाषा कक्षा सञ्चालन भए पनि मकवानपुरमा सरकारले पहल नगरिदिँदा आफूहरूले नै बालबालिकालाई सिकाउन थालेको कान्छीमायाले बताइन् । उनका अनुसार सामूहिक पूजा गर्ने, साउने संक्रान्तिमा घाटमा पूजाआजा गर्ने, चण्डी पूर्णिमा, झाँक्रीपूजा, वाइपूजालगायत परम्परागत संस्कार बालबालिकालाई सिकाउने गरिएको छ । समुदायमा कूलपूजा र सेतो भाले चढाउने परम्परा रहेको कान्छीमायाको भनाइ छ ।

बोटे जातिको इतिहास प्रकृतिसँग नजिक छ । त्यसैले मनहरीका बोटेले देउराली सिमलको रुखको फेदमा सामूहिक पूजा गर्ने थलो बनाएका छन् । साउने संक्रान्तिमा खोला, घाटमा गएर पूजा गर्ने चलन छ । खोलामा माछा मार्ने वा डुंगा चलाउने क्रममा कुनै अप्रिय घटना नहोस् भनेर पूजा गर्ने चलन रहेको मनहरी–७ प्रतापुरका जीतबहादुर बताउँछन् । जीतबहादुर बोटे समुदायका धामी पनि हुन् । बस्तीमा बिरामी पर्दा सुरुमा धूपअक्षता गरेपछि मात्र स्वास्थ्य केन्द्र लैजाने चलन यथावतै रहेको उनी बताउँछन् ।

कान्छीमायाका अनुसार उनको समुदायको आफ्नै मौलिक मुख्य पर्व भने खासै छैन । हिन्दू धर्मावलम्बीले मान्ने दसैं, तिहार र तीज उनीहरूको पनि मुख्य चाडपर्व हो । हिन्दू धर्मावलम्बीका अन्य समुदायलेझैं आफूहरू यी चाड एकापसमा शुभकामना आदानप्रदान गरी रमाइलोसँग मनाउने गरेको उनको भनाइ छ । ठूलो रुखको फेदमा ढुंगा राखेर त्यसैलाई देवता मानी पूजा गर्नुका साथै वैशाखमा झाँक्रीपूजा र भदौमा वायुपूजा गर्ने कान्छीमायाले बताइन् ।

पहिलापहिला वर्षको जुनसुकै समयमा मानिसको मृत्यु भए पनि भदौमा अन्तिम संस्कार गरिने कान्छीमायाको भनाइ छ । उनका अनुसार सिंगो समुदायलाई खुवाउनका लागि भदौमा जंगली फलफूल, माछा, मकै आदि हुने भएकाले उक्त महिनामा अन्तिम संस्कार गरिने भए पनि यो चलन भने हाल फेरिएको छ । मृत्यु संस्कारमा गीत आउने चलन भने कायमै रहेको र नयाँ पुस्तालाई पनि सिकाइरहेको उनले बताइन् ।

### घर छ, रोजगार छैन

राप्ती खोलामा माछा मारेर बिक्री गर्दै आएका बाटो समुदायलाई पर्सा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीले खोलामा जाल हानेर माछा मार्न प्रतिबन्ध लगाएपछि उनीहरूको पेसा नै संकटमा पर्दै गएको हो । केही वर्ष पहिले राप्ती र मनहरी खोलामा माछा मार्नका लागि पर्सा राष्ट्रिय निकुञ्जले अनुमतिपत्र दिएको थियो । तर, त्यो अनुमतिपत्र पनि दुई वर्षदेखि नवीकरण भएको छैन । ३५ जना बोटेलाई दिइएको अनुमतिपत्र नवीकरण गर्न भनेर पर्सा राष्ट्रिय निकुञ्जको आधाभार कार्यालयमा लगेको तर, नवीकरण भएर आएन ।

वनजंगलको भरमा जीविकोपर्जन गर्न पनि समस्या छ । सुरक्षाकर्मीले राष्ट्रिय निकुञ्जमा प्रवेश गर्न दिँदैनन् । सामुदायिक वनमा कुरिलो, अम्रिसोजस्ता कुरा छैनन् । माछा मार्ने अनुमतिपत्र नवीकरण नभएपछि उनीहरूले वैकल्पिक पेसाका रूपमा ज्याला मजदुरी गर्न थालेका छन् । वैकल्पिक पेसाका रूपमा यहाँका बोटे समुदायले मनहरी गाउँपालिकाको सहयोगमा सामुदायिक माछापोखरी निर्माण गरेका थिए तर, त्यो पनि एक वर्षमात्र चल्यो । गाउँपालिकाले दोस्रो वर्षमा सहयोग नगरेपछि सामुदायिक पोखरी पनि संकटमा परेको छ ।

पहिला दैनिकी चलाउनका लागि माछा मार्न जानुपर्ने भए पनि अहिले माछा मार्न पनि लुकीछिपीमात्र जाने गरेको बिनुमाया बोटे बताउँछिन् । बिनुमायाले जंगल र खोलामा धेरै जाने जाति भनेर चिनिएको आफ्नो समुदायमा पर्सा राष्ट्रिय निकुञ्जले उनीहरूलाई दिइएको माछा मार्ने अनुमतिपत्र नवीकरण गरिदिए आफूहरूको जीवनयापन सहज हुने बताइन् । उनका अनुसार मनहरीका बोटे समुदायले बाख्रा, गाईवस्तुपालन, खेतीकिसानीलगायत काममा लागेर खोला र वनजंगल जान कम भएको छ । खोलामा गएर माछा मार्ने, जंगलमा गएर निगुरो, कुरिलोको जरा, तामालगायत संकलन गरेर बेच्नुभन्दा अरुको जग्गा भाडामा लिएर खेतीपाती गरेर धानिएको घर अहिले संकटमा भएको बिनुमायाको भनाइ छ ।

नेपालमा बोटे जातिको बसोबास मकवानपुर, चितवन, नवलपरासी, तनहुँ, गुल्मी, लमजुङलगायत जिल्लामा मात्र पाइन्छ । चितवनको माडी क्षेत्र बोटे जातिको सबैभन्दा बढी बसोबास भएको क्षेत्र मानिन्छ । वि.सं. २०७८ को जनगणनाअनुसार देशभर बोटे जातिको जनसंख्या ११ हजार २५८ छ । *रासस*


**कतारमा रोजगार** कम्पनी : EASTERN RISE FACILITY MANAGEMENT & SERVICES

पूर्व स्वीकृति मिति : २०८२/04/१६ | LT. No. 328329 | चलानी नं. ६०२४२१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 2 | 1300 | ४९,९५० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Dry Cleaning Worker | 3 | 3 | 1300 | ४९,९५० | | | | | | | |
| 3 | Foreman | 2 | 1 | 3000 | ११५,२७५ | | | | | | | |
| 4 | Gen Clean Workers (Room Boys, Steward, Laundry Boy) | 1 | 2 | 1300 | ४९,९५० | | | | | | | |
| 5 | Labour | 2 | 0 | 1300 | ४९,९५० | | | | | | | |
| 6 | Representative | 2 | 0 | 3500 | १३४,४८५ | | | | | | | |
| 7 | Supervisor | 1 | 1 | 3500 | १३४,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.
श्रम इजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com

**युएइमा रोजगार** कम्पनी : SHAMS ALKHAYAL TECHNICAL SERVICE L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/१८ | LT. No. 328370 | चलानी नं. ६०२४२२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fitter | 2 | 0 | 1200 | ४५,७०५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Carpenter | 2 | 0 | 1200 | ४५,७०५ | | | | | | | |
| 3 | Construction Labouers | 4 | 0 | 800 | ३०,४७० | | | | | | | |
| 4 | Electrician | 2 | 0 | 1200 | ४५,७०५ | | | | | | | |
| 5 | Plasterer | 4 | 0 | 1200 | ४५,७०५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४५,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

APPOLO OVERSEAS SERVICES (P) LTD.
Samakhushi,Townplanning, KTM, Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com, www.appolooverseas.com
Govt. License 586/062/063

**जापानमा रोजगार** कम्पनी : AHSC COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/04/१६ | LT. No. 328283 | चलानी नं. ६०२४२१९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 165100 | १५५,९५० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : ASIA CREATION COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/04/07 | LT. No. 327428 | चलानी नं. ६०२४२१९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painting | 2 | 0 | 180000 | १७०,०२५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/04/07 | LT. No. 327429 | चलानी नं. ६०२४२१९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 190000 | १७९,४७० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : SHO JIN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/04/१६ | LT. No. 328321 | चलानी नं. ६०२४२१९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 2 | 0 | 192000 | १८१,३६० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/04/१६ | LT. No. 328322 | चलानी नं. ६०२४२१९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 2 | 0 | 180000 | १७०,०२५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/04/१६ | LT. No. 328323 | चलानी नं. ६०२४२१९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 196000 | १८५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/04/१६ | LT. No. 328324 | चलानी नं. ६०२४२१९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 2 | 0 | 201780 | १९०,५९५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/04/१६ | LT. No. 328326 | चलानी नं. ६०२४२१९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 198100 | १८७,१२० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

पूर्व स्वीकृति मिति : २०८२/04/१६ | LT. No. 328327 | चलानी नं. ६०२४२१८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 196000 | १८५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.
श्रम इजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242/1-4016209
E-mail :info@dninepal.com,Website:www.dninepal.com




## डार्क कमेडी फिल्म 'ताराहरु'को नयाँ पोस्टर

आगामी भदौ ६ गतेदेखि प्रदर्शनमा आउने चलचित्र ताराहरुको नयाँ पोस्टर सार्वजनिक भएको छ । पोस्टरमा आन्तरिक द्वन्द्वमा अल्भिmएका चरित्रहरु देखिएका छन् । यसअघि फिल्मका दुईवटा पोस्टर सार्वजनिक भएकोमा यो फाइनल पोस्टर भएको जनाइएको छ । अभिनेता आशान्त शर्माको लुक्स अशान्त र मानसिकरुपमा विचलित देखिन्छ भने साथमा देखिएकी अभिनेत्री मेनुका प्रधानको चरित्रले भने केही भिन्नताको आभास दिन्छ ।



# क्यानभासमा पोतियो मुस्ताङको ऋषि गुम्बा



**गण्डकी–** नेपाललाई विश्वको उत्कृष्ट गन्तव्य बनाउने महाअभियानका साथ देशका विभिन्न ठाउँमा पुगेर चित्रकला सिर्जना गर्दै आएका प्राज्ञ नगेनसिंह ठकुरीले मुस्ताङको मार्फास्थित ऋषि गुम्बालाई क्यानभासमा उतारेका छन् ।

ठकुरीले आफ्नो त्रिकोण क्यानभासमा थकाली जातिको भगवान् मानिने ऋषि गुम्बा उतारेका हुन् । बहुविविधताले सजिएको नेपाल आफैंमा सम्भावना बोकेको क्षेत्र भए पनि यसको उजागर गर्न नसकिएको वास्तविकतालाई दृष्टिगत गर्दै कलाका माध्यमबाट यसको गरिमा र महिमालाई उँचो बनाउन तत्तत् ठाउँमा पुगेर कला सिर्जना गर्ने महाअभियानका साथ ऋषि गुम्बा समेटिएको उनले जानकारी दिए ।

देशका विभिन्न स्थानका सौन्दर्यतालाई कलामा उतार्दै नेपाल कला यात्रा पुस्तक प्रकाशन गर्ने योजना रहेको उनले बताए । उनले हालसम्म ७७ जिल्लाका झण्डै १५० बढी ऐतिहासिक सम्पदास्थललाई क्यानभासमा उतारेका छन् ।

नेपाल कलायात्रा पुस्तक विश्वको सबै भाषामा प्रकाशन गर्ने लक्ष्य उनको छ । 'यो पुस्तक हरेक देशको विश्वविद्यालय र पुस्तकालयमा सोही देशको मातृभाषामा कम्तीमा ५०० प्रति निःशुल्क वितरण गर्ने योजना छ,' उनले भने, 'यी पुस्तकको स्वअध्ययन गरेर नेपाल घुम्न आउने विदेशी पर्यटकहरूको संख्या वृद्धि भइ त्यसबाट नेपालको पर्यटन फस्टाउने र आर्थिक समुन्नतितर्फ जाने विश्वास लिएको छु ।'

उनी नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको २०७१ मा प्राज्ञ सभा सदस्य, २०७४ स्वर्ण पदक, अरनिको युवा पुरस्कार (राष्ट्रिय युवा कोष), २०६९ दोस्रो राष्ट्रिय ललितकला प्रदर्शनी, नाफा (पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार), २०५९ सान्त्वना पुरस्कार पेन्टिङ प्रतियोगिता, नेपाल कर्मसियल आर्टिस्ट संघ, केन्द्रीय समिति, राष्ट्रपतिद्वारा प्रबल जनसेवाश्री मानपदवी द्वारा २०८० वैशाख १ गते विभूषित र दर्जनौं पटक सम्मानित भइसकेका छन् । कला विषयमा स्नातकोत्तर गरेका उनले १२औं पटकसम्म एकल कला प्रदर्शनी गरेका छन् ।

यस महाअभियानमार्फत नेपाल कला यात्रा पुस्तक प्रकाशनार्थ स्वेच्छिक रूपमा जनही १०० रूपैयाँ एवं सोभन्दा बढी सहयोग गर्नेहरू रहेको जानकारी दिए । सहयोगदाताहरू नेपाल कला यात्रा पुस्तकको प्रकाशकका रूपमा रहने बताउँदै उनले हालसम्म एक लाख ६० हजार रूपैयाँभन्दा बढी सहयोग संकलन भइसकेको जानकारी दिए । *रासस*

# डा. धुर्कापानीको 'दिनमा पनि रातमा पनि' गीत सार्वजनिक




**काठमाडौं (प्रस)–** डा. तारानाथ घिमिरे 'धुर्कापानी'को गीत र वरिष्ठ गायक तथा संगीतकार विष्णु अधिकारीको स्वर संगीतमा सिर्जित 'दिनमा पनि रातमा पनि' बोलको गीत सार्वजनिक भएको छ ।

डिआर सिर्जना संसारले शनिबार आयोजना गरेको कार्यक्रममा 'मदन पुरस्कार' विजेता तथा वरिष्ठ कवि नवराज लम्सालले ती कृति सार्वजनिक गरेका हुन् ।

'यो गीत चोटहरूको संग्रह हो, संवेदनाले चेतनामा हिर्काउँदा सिर्जना हुने गीतसंगीत हो,' ५०० भन्दा बढी गीत लेखिसकेका गीतकार डा. लम्सालले भने, 'आफ्नो संवेदनलाई गीतमार्फत प्रस्तुत गरिएको भए पनि सिर्जनालाई सुन्दर मालामा उनेर सजाइएको छ ।' अनुसन्धानकर्ता डा. विष्णु दाहालले आफूले निकै लामो प्रयासपछि गीतलाई मूर्तरूप दिन सफल भएको अनुभव सुनाए । 'मानिसको म- मनमा बस्नका लागि निकै मिहेनत गर्नुपर्‍यो,' उनले भने, 'राम्रो सिर्जना तयार हुँदा खुसी छु ।'

इलाम जिल्लाको इलाम नगरपालिका तोरीबारीमा जन्मिएका डा. धुर्कापानी त्रिविका राजनीतिशास्त्रका सहप्राध्यापक हुन् । पाटन संयुक्त क्याम्पस राजनीतिशास्त्र विभागका विभागीय प्रमुख, लेखक वकिल, गीतकार, गजलकारसमेत हुन् । वियोगान्त परिवेशलाई विशिष्ट लय प्रदान गर्नु उनको गीति लेखनको विशेषता बन्न पुगेको छ ।

## रंगशाला

# नेपाली यु–२० महिला रग्बी टोली घोषणा



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल रग्बी संघले एसिया रग्बी इमिरेट्स यु-२० सेभेन्स ट्रफीका लागि नेपाली महिला रग्बी टोली घोषणा गरेको छ ।

आगामी साउन २४ देखि २७ गतेसम्म भारतमा एसिया रग्बी इमिरेट्स यु-२० सेभेन्स ट्रफी २०२५ आयोजना हुँदै छ । यसैका लागि संघले आइतबार १३ सदस्यीय नेपाली युवा टोली घोषणा गरेको हो ।

नेपाली टोलीमा सम्झौता तुम्बापो, लक्की मगर, सनमिका मगर, रेखा खड्का, सुशीला सुनुवार, निशा घलान, रोश्ना पोखरेल, पूजा डंगोल, कविता बादी, आरुषी भट्टराई, सलिना माझी, समीक्षा गौतम र रमिरा शाही रहेका छन् । टोली आगामी साउन २२ गते भारत प्रस्थान गर्ने कार्यक्रम छ ।

सावित्री पुर्जाको प्रशिक्षणमा टोली छनोट भएको र हाल सर्लाहीको राधाकृष्ण खेल मैदानमा प्रशिक्षण भइरहेको संघका महासचिव गोविन्द घिमिरेले जानकारी दिए । प्रतियोगिता हुने भारतको मौसमसँग मिल्नेगरी टोलीलाई एक महिनादेखि सर्लाहीमा प्रशिक्षणमा राखिएको उनले बताए ।

भारतको बिहारस्थित राजगीर रंगशालामा हुने प्रतियोगितामा एसियाका विभिन्न ११ राष्ट्रका खेलाडीले प्रतिस्पर्धा गर्ने छन । अघिल्लो संस्करणअन्तर्गत यस उमेर समूहको प्रतियोगिता नेपालमा नै आयोजना भएको थियो ।

## प्रशान्तलाई कास्य पदक

**काठमाडौं (प्रस)–** नेपाली खेलाडी प्रशान्त राईले एसियन कुराश च्याम्पियनसिपमा कास्य पदक प्राप्त गरेका छन् । दक्षिण कोरियाको चेओंजु सहरमा भएको उक्त प्रतियोगितामा प्रशान्तले जुनियर पुरुष ४२ किलोमुनि तौल समूहमा कास्य पदक पाएको नेपाल कुराश संघले जनाएको छ । प्रशान्त सेमिफाइनल उज्वेकिस्तानका खेलाडीसँग पराजित भएका थिए ।

एसियन कुराश च्याम्पियनसिपमा यो नेपालको दोस्रो पदक हो । यसअघि सन् २०१८ मा थाइल्याण्डमा भएको एसियन कुराश च्याम्पियनसिपमा कृति शर्माले ५२ किलोमुनिको तौल समूहमा कास्य पदक पाएका थिए ।

एसियाली कुराश महासंघको आयोजनामा जुलाई ३० तारिखदेखि सुरु भई अगस्त ५ तारिखसम्म चल्ने उक्त प्रतियोगितामा नेपालका साथै भारत, तुर्कमेनिस्तान, मंगोलिया, चीन (ताइपेई) र कुवेतका खेलाडीले प्रतिस्पर्धा गरेका थिए । नेपालबाट नामशाङ सामसोङलेसमेत जुनियर पुरुष ५२ किलोमुनिको तौल समूहमा प्रतिस्पर्धा गरेका थिए ।

**Aathrai trbeni Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Hangpang, Taplejung**
**Koshi Province, Nepal**

**Notice Of Intention To Accept Bids**

**(Date Of Publication: 2082/04/19)**

Pursuant To Clause 27,Sub Clause 2 and 3 of Public Procurement Act-2063, all the concerned bidders,who has participated in the bidding as per Notice Published On "**Prabhab Rastriya Dainik**" newspaper on 2082/03/32, are Notified that it is our Intention to Accept the bids for the Contract Pacakages as Provided In the Table Below.

| S. NO. | Contract Identification No. | Qualified Bidder | Bid Amount With VAT and PS (NRS) |
|---|---|---|---|
| 1. | ATRM/SQ/ REVENUE/02/82/83 | National Nirmaan Sewa, Aathrai Tribeni, Taplejung. | 7,42,299.38/- |
| 2. | ATRM/SQ/ REVENUE/03/82/83 | Khushi Nirman Sewa, Change, Taplejung. | 4,05,839.50/- |

**Act.Chief Administrative Officer**

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग**
**श्रम तथा रोजगार कार्यालय, जनपुरधाम, धनुषा**

**सिलबन्दी दरभाउ–पत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/१९)**

चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसारयस कार्यालयको मिति २०८२/०४।१८ को निर्णय बमोजिम कार्यलयको सुरक्षाको लागि एक जना सुरक्षा गार्डको आवश्यक्ता रहेकोले सुरक्षा गार्डको सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त श्रमिक आपूर्ति कर्ताहरुबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। सिलबन्दी दरभाउ-पत्र फाराम रू. १०००/- (एक हजार मात्र (फिर्ता नहुने गरी) नेपाल सरकारको राजश्व खाता (राजश्व शिर्षक नं. १४२२९) मा जम्मा गरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ । सिलवन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५औं दिन कार्यालय समयभित्र खरिद गर्न सकिने र १६औं दिनको मध्यान्ह १२ बजेसम्म दर्ता गरि सक्नुपर्ने तथा रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे खोलिने छ उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही बमोजिम हुनेछ ।

**आवश्यक शर्तहरू**

१. कम्पनी दर्ताको प्रमाणपत्र
२. स्थायी लेखा नम्बर (PAN/VAT)दर्ता प्रमाणपत्र
३. कर चुक्ताको प्रमाणपत्र
४. कार्यालय सञ्चालन सहमतिको प्रमाणपत्र
५. रोजगार तथा सूचीकरण प्रमाणपत्र
६. श्रमिक आपूर्तिकर्ताको इजाजतरनवीकरणको प्रमाणपत्र
७. श्रम अडिट प्रतिवेदन
८. सामाजिक सुरक्षा कोषमा आवद्धताको प्रमाणपत्र
९. न्यूनतम ज्यालादरको मापदण्ड पूरा हुने गरी प्रति सुरक्षाकमी मु.अ.क. बाहेक प्रति महिनाका दरले दरभाउपत्र पेश गर्नुपर्नेछ ।

**श्रम तथा रोजगार कार्यालय, जनकपुरधाम, धनुषा**

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय**

**हाजिर हुन आउने बारेको सूचना**

देहायमा उल्लेखित विवरणका सशस्त्र प्रहरी कर्मचारीहरु सशस्त्र प्रहरी बल, नेपालका विभिन्न ईकाईबाट बिदा तथा आफुखुसी लाईन ब्यारेक छाडी भागि गैह्र हाजिर रहि कुनै किसिमको सम्पर्कमा समेत नरहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र गैह्र हाजिर रहनुको मनासिव कारण सहित सम्बन्धित कार्यालयमा सम्पर्क राख्न आउनु होला । अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली २०७२ (संशोधन सहित) बमोजिम कारबाही भई जाने हुँदा सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११८ को उपनियम (१) को प्रयोजनार्थ यसै सूचनाद्वारा तपाईलाई जानकारी गराईएको छ ।

**देहायः–**

| सि.नं. | आई.डि.नं. | दर्जा | नामथर | बाजेको नाम | बाबुको नाम | दरबन्दी | कार्यरत स्थान | स्थायी वतन | गैह्र हाजिर रहेको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६८०६४ | सप्रज | किरन कपाडी | दत्त राम कपाडी | कृष्णानन्द कपाडी | स.प्र.बल, नेपाल नं. ४४ गण हे.क्वा. दार्चुला | स.प्र.बल, नेपाल नं. ४४ गण हे.क्वा. दार्चुला | जिल्ला दार्चुला शैल्यशिखर न.पा. वडा नं. २ | २०८२/०१/१३ |
| २ | ६६४५४ | सप्रज | जिवन डगौरा | माधु डगौरा | मदन डगौरा | स.प्र.बल, नेपाल नं. ४० रिजर्भ गण हे.क्वा. पिलुवा बारा | स.प्र.बल, नेपाल बि.ओ.पि. मिर्जापुर पर्सा | जिल्ला कन्चनपुर शुक्लाफाँटा न.पा. वडा नं. ७ | २०८२/०१/२७ |
| ३ | ६९६०२ | सप्रज | निशान श्रेष्ठ | बृष बहादुर श्रेष्ठ | मणि कुमार श्रेष्ठ | सशस्त्र प्रहरी बल, नेपाल नं. ३८ रिजर्भ गण हे.क्वा. झापा | सशस्त्र प्रहरी बल, नेपाल नं. ३८ रिजर्भ गण हे.क्वा. झापा | जिल्ला पर्सा, ठोरी गाँउपालिका वडा नम्बर -३ | २०८२/०२/०२ |
| ४ | ६५०७२ | सप्रज | सुनिता गजुरेल | रविलाल गजुरेल | चन्द्रमणी गजुरेल | स.प्र.बल, नेपाल नं. १५ गण हे.क्वा. काभ्रे | स.प्र.बल, नेपाल नं. १५ गण हे.क्वा. काभ्रे | जिल्ला नुवाकोट जिलिङ ०९ | २०८२/०१/०५ |
| ५ | ६८२३४ | सप्रज | इमान सिंह मोक्तान | सीगविर मुक्तान | विरदेश मान मुक्तान | स.प्र.बल, नेपाल नं. १५ गण हे.क्वा. काभ्रे | स.प्र.बल, नेपाल नं. १५ गण हे.क्वा. काभ्रे | जिल्ला काभ्रे महाभारत गा.पा. वडा नं. १ | २०८२/०२/२४ |
| ६ | ६७९८९ | सप्रज | बिन्द्र मुग्राती | मेघ बहादुर मुग्राती | बाल कुमार मुग्राती | स.प्र.बल, नेपाल नं. ४ गण हे.क्वा. सुनसरी | स.प्र.बल, नेपाल कारागार सुरक्षा वेश झुम्का सुनसरी | जिल्ला उदयपुर बेलका न.पा. ४ | २०८२/०२/०८ |
| ७ | ६२१७५ | सप्रज | रमेश वि.क. | जया कामी | हस्त बहादुर कामी | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | जिल्ला सुर्खेत पुञ्चपुरी न.पा. १० | २०८२/०२/१६ |
| ८ | ६६७३३ | सप्रज | नारायण भडेल | कर्ण बहादुर भडेल | गणेश कुमार भडेल | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | जिल्ला जाजरकोट भेरी न.पा. ०४ | २०८२/०२/१५ |
| ९ | ६९६४५ | सप्रज | नविन लुहार | झुसीराम लुहार | टिकाराम लुहार | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरीक सुगठन शिक्षालय | जिल्ला कन्चनपुर भिमदत्त न.पा. ०८ | २०८२/०२/२४ |
| १० | ६३२६६ | सप्रज | नरेश कडायत | पुर्ण बहादुर कडायत | जय बहादुर कडायत | स.प्र.बल, नेपाल नं. ३४ गण हे.क्वा. कैलाली | स.प्र.बल, नेपाल नं. १९ गण हे.क्वा. (विशेष कार्यदल) बलगामुखी | जिल्ला सुर्खेत साविक गुटु गा.वि.स. वडा नं.३ (हाल कर्णाली प्रदेश जिल्ला सुर्खेत चौकुने गाउँपालिका वडा नं. ६) | २०८२/०२/०७ |



उत्तरपूर्वी चीनको हेइलोङजियाङ प्रान्तको हार्बिनमा रहेको सोङहुआ नदीमा सूर्यास्तको दृश्यावलोकन गरी आनन्द लिँदै पर्यटक । गर्मीमा शीतलताबाट आकर्षित भएर धेरै पर्यटक बिदा मनाउन हार्बिन आउने गरेका छन् । *तस्बिरः सिन्ह्वा*

# ट्रम्पको धम्कीपछि पनि रुसी तेल किन्न जारी राख्ने भारतको संकेत

**नयाँदिल्ली–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको धम्कीका बावजुद भारतले रुसबाट तेल किन्न जारी राख्ने संकेत गरेको छ । भारतीय विदेश मन्त्रालयले रुससँगको आफ्नो सम्बन्ध 'स्थिर र समयद्वारा परीक्षित' भएको र यसलाई तेस्रो देशको चश्माबाट हेर्न नहुने बताएको छ ।

शुक्रबार साप्ताहिक पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले बजारमा तेलको उपलब्धता र विद्यमान विश्वव्यापी परिस्थितिबाट आफ्नो ऊर्जा आवश्यकता सुरक्षित गर्न भारतको व्यापक दृष्टिकोण निर्देशित भएको बताए । नयाँदिल्लीले रुसी तेल खरिद गरेको कारण भारतबाट आउने सामानमा २५ प्रतिशत भन्सार शुल्क र अतिरिक्त आयात कर लगाउने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको घोषणापछि यो टिप्पणी आएको हो । यो धम्की अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेनमा युद्धविराम सहमति गर्न असफल भएकोमा रुसप्रति बढ्दो असन्तुष्टता देखाएको र प्रगति नभएमा नयाँ आर्थिक प्रतिबन्धहरूको धम्की दिएको समयमा आएको हो ।



भारतले सन् २०२२ जनवरीमा रूसबाट प्रतिदिन ६८ हजार ब्यारेल कच्चा तेल खरिद गरेको थियो, तर सोही वर्षको जुनमा तेल आयात प्रतिदिन ११ लाख २० हजार ब्यारेल पुगेको थियो । दैनिक आयात सन् २०२३ मे महिनामा २१ लाख ५० हजार ब्यारेल पुगेको थियो र त्यसबेलादेखि फरक-फरक रहेको छ । प्रेस ट्रस्ट अफ इण्डियाले डेटा एनालिटिक्स कम्पनी केप्लरको तथ्यांक उद्धृत गर्दै रिपोर्ट गरेअनुसार आपूर्ति एक समयमा भारतको आयातको झण्डै ४० प्रतिशतसम्म पुगेको थियो, जसले मस्कोलाई नयाँदिल्लीको सबैभन्दा ठूलो कच्चा तेल आपूर्तिकर्ता बनाएको थियो ।

भारतको दैनिक तेल खपत लगभग ५५ लाख ब्यारेल रहेको छ र त्यसमध्ये झण्डै ८८ प्रतिशत आयातबाट पूरा हुन्छ । देशले ऐतिहासिकरूपमा आफ्नो अधिकांश कच्चा तेल मध्यपूर्वबाट किनेको छ, तर सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमा पूर्णमात्रामा आक्रमण गरेपछि यो परिवर्तन भएको छ । चीन र अमेरिकापछि विश्वको तेस्रो ठूलो कच्चा तेल आयातकर्ता भारतले पश्चिमी देशहरूले मस्कोलाई सजाय दिन त्यसलाई बहिष्कार गरेपछि छुटमा उपलब्ध रुसी तेल किन्न थालेको हो । *रासस⁄एपी*

# म्यान्माको रुबी खानी क्षेत्रमा सेनाद्वारा हवाई आक्रमण, १३ जनाको मृत्यु



**यांगुन–** म्यान्माको सेनाप्रति बफादार (जुन्टा) सरकारले विद्रोहीको कब्जामा रहेको रुबी खानी क्षेत्रमा शनिबार गरेको हवाई आक्रमणमा परी १३ जनाको मृत्यु भएको एक स्थानीय बासिन्दा तथा सशस्त्र विपक्षी समूहका प्रवक्ताले बताएका छन् ।

सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेयता म्यान्मालाई गृहयुद्धले तहसनहस पारेको छ । म्यानमाका प्रजातन्त्र समर्थक समूहहरूले लामो समयदेखि सक्रिय जातीय सशस्त्र समूहहरूसँग नागरिकका सार्वजनिक सरोकारका विषयमा ठाउँठाउँमा सहकार्य गरिरहेका छन् ।

रूबी व्यापारको केन्द्रसहित मोगोक शहरसहित धेरै क्षेत्रहरूमा सेनाको कारबाहीको सुरुमा खासै प्रभाव नपारे पनि सन् २०२३ को अन्त्यमा सुरु भएको संयुक्त आक्रमणले मोगोकसहित धेरै क्षेत्रहरू कब्जा गर्न सफल भएको छ । म्यान्मार बहुमूल्य पत्थर र दुर्लभ खनिज तत्वहरूका लागि धनी मानिन्छ । सेनाले उक्त क्षेत्रमा आफ्नो उपस्थिति देखाउन चिनियाँ हतियारको सहयोग लिएको छ ।

सुरक्षाको कारण देखाउँदै नाम नबताउने सर्तमा एक स्थानीयले स्थानीय समयअनुसार बिहान ८:१५ बजे भएको आक्रमणमा परी सात जनाको घटनास्थलमा नै मृत्यु भएको र छ जना घाइतेको उपचारका क्रममा मृत्यु भएको बताए । उनका अनुसार मृत्यु हुनेमा भिक्षा माग्ने एक बौद्ध भिक्षु र एउटै मोटरसाइकलमा सवार एक बाबु र छोर ासमेत रहेका छन् ।

उनले भने, 'सो क्षेत्रबाट अघि बढिरहेको एउटा कारलाई पनि आक्रमणबाट ठक्कर लागेको र चालकसहित सात जना घाइते भएका छन् ।'

गत ग्रीष्मऋतुदेखि मोगोक कब्जामा रहेको ताआङ नेसनल लिबरेसन आर्मीका एक प्रवक्ताले मृतकको संख्या १३ पुगेको र १४ जना घाइते भएको बताए । प्रवक्ता ल्वे याय ओले भने, 'बिहानको समयमा सार्वजनिकस्थलमा हवाई आक्रमण भएको थियो । सडकमा धेरै मानिसहरू हिँडिरहेका थिए, त्यसैले धेरै मानिसहरू मारिएका आशंका गरिएको छ ।'

सुरुमा विद्रोहीहरूको संयुक्त आक्रमणबाट सेना पछि हटे पनि पछिल्लो समय सेनाले आफ्नो संख्या बढाएको र उक्त क्षेत्रमा नियन्त्रण लिएको छ । म्यान्माको मध्य भागमा रहेको थाबेइकिन सुनखानी केन्द्रसहित केही महत्त्वपूर्ण बस्तीलाई सेनाले हालै पुनः कब्जामा लिएको छ । चार वर्षअघि आङ सान सुकीको सरकार अपदस्थ गरेपछि घोषणा गरिएको आपतकालीन अवस्थालाई जुन्टाले बिहीबार अन्त्य गरेको छ र डिसेम्बरमा हुने निर्वाचनलाई द्वन्द्वका लागि तयारीको रणनीतिको संज्ञा दिएको छ ।

यद्यपि, सुकी अझै पनि जेलमा रहेका बेला अपदस्थ सांसदहरूलगायत विपक्षी समूहहरूले निर्वाचन बहिष्कार गरिरहेका छन् । गत जुन महिनामा संयुक्त राष्ट्रसंघका एक विज्ञले यो अभ्यासलाई जुन्टाको निरन्तर शासनलाई वैधता प्रदान गर्न बनाइएको 'जालसाजी'को संज्ञा दिएका थिए । *रासस⁄एएफपी*

# जापान सागरमा चीन र रूसको संयुक्त अभ्यास

**बेइजिङ–** आफ्नो साझेदारीलाई बलियो बनाउन र अमेरिकी नेतृत्वको विश्वव्यापी व्यवस्थाको सन्तुलन कायम गर्न खोजिरहेका चीन र रुसले आइतबार जापान सागरमा संयुक्त नौसैनिक अभ्यास सुरु गरेका छन् । आर्थिक र राजनीतिक सम्बन्धका साथै मस्को र बेइजिङले हालका वर्षहरूमा आफ्नो सैन्य सहयोगलाई बलियो बनाएका छन् । सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमा आक्रमण गरेपछि उनीहरूको सम्बन्ध गहिरो भएको छ ।



'संयुक्त सागर-२०२५' अभ्यास रूसी बन्दरगाह भ्लाडिभोस्टक नजिकैको पानीमा सुरु भएको र तीन दिनसम्म चल्ने चीनको रक्षा मन्त्रालयले आइतबार एक विज्ञप्तिमा बताएको छ । 'दुवै पक्षले पनडुब्बी उद्धार, संयुक्त पनडुब्बी विरोधी, हवाई रक्षा र मिसाइल विरोधी अपरेसन, र समुद्री युद्ध गर्ने छन्,' विज्ञप्तिमा उल्लेख छ ।

रूसी जहाजहरूसँगै निर्देशित मिसाइल विध्वंसक शाओक्सिङ र उरुम्कीसहित चार चिनियाँ जहाजले अभ्यासमा भाग लिइरहेको मन्त्रालयले बताएको छ । अभ्यास सकिएपछि, दुई देशले 'प्रशान्त महासागरका सम्बन्धित पानीहरूमा' नौसैनिक गस्ती सञ्चालन गर्ने छन् ।

सन् २०१२ मा सुरु भएको 'संयुक्त सागर' अभ्यासका साथ चीन र रुसले धेरै वर्षदेखि वार्षिक अभ्यास गर्दै आएका छन् । गत वर्षको अभ्यास चीनको दक्षिणी तटमा आयोजना गरिएको थियो । चिनियाँ रक्षा मन्त्रालयले यस वर्षको अभ्यासको उद्देश्य दुई देशको 'व्यापक रणनीतिक साझेदारीलाई अझ गहिरो बनाउने' रहेको शुक्रबार बताएको थियो ।

चीनले कहिल्यै रुसको तीन वर्षभन्दा बढी चलेको युद्धको निन्दा गरेको छैन । साथै, उसले रुसलाई आफ्ना सेनाहरू फिर्ता लिन पनि भनेको छैन । संयुक्त राज्य अमेरिकासहित युक्रेनका धेरै सहयोगीहरू बेइजिङले मस्कोलाई सहयोग प्रदान गरेको छ भन्ने विश्वास गर्छन् । चीनले नियमितरूपमा लडाइँ बन्द गर्न आह्वान गर्दै आफूलाई तटस्थ पक्ष भएको दाबी गर्छ । साथै बेइजिङले पश्चिमी देशहरूमाथि युक्रेनलाई हतियार प्रदान गरेर द्वन्द्वलाई लम्ब्याएको आरोप लगाएको छ । *रासस⁄एएफपी*

# ४५० वर्षमा पहिलोपटक रूसमा ज्वालामुखी विष्फोट

**मस्को–** रुसको पूर्वी कामचटका क्षेत्रमा ४५० वर्षमा पहिलोपटक ज्वालामुखी विष्फोट भएको देशको आपत्कालीन विभागले आइतबार यस क्षेत्रमा आएको सबैभन्दा शक्तिशाली भूकम्पको केही दिनपछि जनाएको छ । रूसी राज्य मिडियाले जारी गरेको तस्बिरहरूमा स्मिथसोनियन इन्स्टिच्युटको ग्लोबल ज्वालामुखी कार्यक्रमअनुसार सन् १५५० मा अन्तिम पटक विष्फोट भएको क्रासेनिनिकोभ ज्वालामुखीबाट खरानी निस्किरहेको देखिन्छ । यो धुवाँ छ हजार मिटर (१९ हजार ७०० फिट) उचाइसम्म पुगेको अनुमान गरिएको कामचटकाको आपत्कालीन अवस्था मन्त्रालयले टेलिग्राममा एक पोस्टमा जनाएको छ ।

'धुवाँ ज्वालामुखीबाट पूर्वतिर प्रशान्त महासागरको दिशामा फैलिइरहेको छ । यसको बाटोमा कुनै बसोबास क्षेत्रहरू छैनन् र बसोबास स्थानहरूमा खरानी खसेको रेकर्ड गरिएको छैन,' मन्त्रालयले भन्यो । ज्वालामुखीलाई 'सुन्तला' उड्डयन खतरा कोड दिइएको छ । यसको अर्थ यस क्षेत्रमा उडानहरू अवरुद्ध हुन सक्छन् । यो क्षेत्रको अर्को ज्वालामुखी क्लुचेभस्कोय बुधबार विष्फोट भएपछि आएको हो । क्लुचेभस्कोय युरोप र एसियाको सबैभन्दा अग्लो सक्रिय ज्वालामुखी हो । ग्लोबल भोल्कानिज्म प्रोग्रामका अनुसार सन् २००० देखि कम्तीमा १८ वटा घटना भएका क्लुचेभस्कोयको विष्फोट निकै सामान्य छ ।

हालका दुवै विष्फोट अहिलेसम्म रेकर्ड गरिएका सबैभन्दा शक्तिशाली भूकम्पहरू मध्ये एकपछि आएका हुन् । बुधबार आएको शक्तिशाली भूकम्पले सुनामी चेतावनी र जापानदेखि हवाई र इक्वेडरसम्मका तटीय क्षेत्रहरूबाट लाखौं मानिसलाई स्थानान्तरण गराएको थियो । सबैभन्दा खराब क्षति रुसमा देखिएको थियो । रुसमा सुनामीले सेभेरो-कुरिल्स्क बन्दरगाहमा प्रहार गरी माछा मार्ने कारखानालाई डुबाएको अधिकारीहरूले बताएका छन् । *रासस⁄एएफपी*


**कुवेतमा रोजगार** — कम्पनी : ALATAA INTERNATIONAL COMPANY FOR CONSUMERS ORDER DELIVERY

पूर्व स्वीकृति मिति : २०८१/०३/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१८ | LT. No. 307161 | चलानी नं. ६०२२२११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 2 | 0 | 135 | ६१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
Sinamangal -9 Kathmandu, Mob: 9813951511, 9851023416, 9851002766
Email: ganapatioverseas8093@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९

**युएइमा रोजगार** — कम्पनी : POWER RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०८०/११/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/१८ | LT. No. 300402 | चलानी नं. ६०२१५३१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labourer | 116 | 0 | 800 | ३०,४६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

**कुवेत/कतारमा रोजगार** — कम्पनी : AL NOKHBA INTERNATIONAL COMPANY FOR GENERAL BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०४/१२ | LT. No. 328320 | चलानी नं. ६०२४२२०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR CLEANER | 0 | 7 | 95 | ४३,५३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALMOTAHIDOON ALARAB FOR CONSTRUCTION

पूर्व स्वीकृति मिति : २०८२/०४/१८ | LT. No. 328353 | चलानी नं. ६०२४२२२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOURER (MALE) | 100 | 0 | 1000 | ३८,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALOFOQ ALARABIAH GROUP

पूर्व स्वीकृति मिति : २०८२/०४/१८ | LT. No. 328352 | चलानी नं. ६०२४२२२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४६,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason (Nepal) | 5 | 0 | 1200 | ४६,११० | | | | | | | |
| 3 | Reinforc Fitters | 4 | 0 | 1200 | ४६,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन २६ गते (11th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २६०५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

**युएईमा रोजगार** — कम्पनी : STREAM RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C | शहर : UAE

पूर्व स्वीकृत मितिः २०८२/०४/१८ | चलानी नं.: ६०२४२२५१ | LT. No.: 328401

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter (Building) | 10 | 0 | | 1500 | ५७,०७५ | | | | | | | |
| 3. | Mason (Tiles/Bolck/Plaster) | 10 | 0 | | 1500 | ५७,०७५ | | | | | | | |
| 4. | STEEL FIXER | 10 | 0 | | 1500 | ५७,०७५ | | | | | | | |

कम्पनी : LALWANI ELECTROMECHANICAL CONTRACTING CO. LLC | शहर : UAE

पूर्व स्वीकृत मितिः २०८२/०४/१८ | चलानी नं.: ६०२४२२५२ | LT. No.: 328402

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter (Building) | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 2 | 0 | | 1000 | ३८,०५० | | | | | | | |
| 3. | Mason For Plaster ./ Block | 2 | 0 | | 1500 | ५७,०७५ | | | | | | | |

कम्पनी : RAWAD AL MINHA TECHNICAL SERIVECES L.L.C | शहर : UAE

पूर्व स्वीकृत मितिः २०८२/०४/१८ | चलानी नं.: ६०२४२२५० | LT. No.: 328400

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter (Building) | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician. | 2 | 0 | | 1500 | ५७,०७५ | | | | | | | |
| 3. | MASON BRICK/PLASTER | 2 | 0 | | 1500 | ५७,०७५ | | | | | | | |
| 4. | Ordinary labours | 2 | 0 | | 1000 | ५७,०७५ | | | | | | | |
| 5. | Plumber-Building | 2 | 0 | | 1500 | ५७,०७५ | | | | | | | |
| 6. | STEEL FIXER | 2 | 0 | | 1500 | ५७,०७५ | | | | | | | |

कम्पनी : Albait Alakhdar ELECTROMECHANICAL CONTRACTING CO. L.L.C S.O.C | शहर : UAE

पूर्व स्वीकृत मितिः २०८२/०४/१८ | चलानी नं.: ६०२४२२५४ | LT. No.: 328404

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter (Building) | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Labouers | 2 | 0 | | 1000 | ३८,०५० | | | | | | | |
| 3. | STEEL FIXER | 2 | 0 | | 1500 | ५७,०७५ | | | | | | | |

कम्पनी : LAHEEB TECHNICAL SERVICES | शहर : UAE

पूर्व स्वीकृत मितिः २०८२/०४/१८ | चलानी नं.: ६०२४२२५३ | LT. No.: 328403

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason For Plaster ./ Block | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 2 | 0 | | 1000 | ३८,०५० | | | | | | | |
| 3. | STEEL FIXER | 2 | 0 | | 1500 | ५७,०७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २६ गते (11 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९६५०० | प्रति तोला - ० | प्रति तोला - २२५० |



**बगरमा स्याउखेती** | **मुस्ताङको घरपझोङ-५ स्थित ढुम्बा खोलाको गेग्रान बगरमा गरिएको स्याउखेती ।**

*तस्बिर: सुन्दरकुमार थकाली/रासस*

# बजेट कार्यान्वयनका लागि अर्थले थाल्यो मन्त्रालयगत छलफल

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनका लागि विषयगत मन्त्रालयसँग छलफल थालेको छ । बजेट कार्यान्वयनबारे आइतबार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग छलफल भएको उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको सचिवालयले जनाएको छ ।

चालु आर्थिक वर्षको बजेटमा राखिएका मन्त्रालयगत योजना तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुनी, प्रक्रियागत र व्यावहारिक तयारी थाल्नेबारे छलफल भएको हो । उद्योग मन्त्रालयको बजेटमा परम्परागत सीप, कला र पेसाको संरक्षण गर्दै रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्न भगत सर्वजित उद्यमशीलता कार्यक्रम विकास कार्यक्रमअन्तर्गत आधुनिक प्रविधिको हस्तान्तरण र तालिमसँगै उत्पादित वस्तुलाई बजारसँग जोडेर अघि बढ्ने विषय राखिएको थियो ।

त्यस्तै, उपत्यकामा सञ्चालित उद्योगलाई उपत्यका बाहिरका औद्योगिक क्षेत्रमा स्थानान्तरण गरी राजधानीको प्रदूषण नियन्त्रण गर्ने र स्थानान्तरण हुने उद्योगलाई विशेष सहुलियत दिनेबारे पनि आजको बैठकमा छलफल भएको छ । भारत, चीनलगायत अन्तर्राष्ट्रिय समुदायले मान्यता दिनेगरी नेपालमा अन्तर ाष्ट्रियस्तरको गुणस्तर प्रयोगशाला स्थापना गर्ने विषयमा पनि छलफल भएको जनाइएको छ । त्यस्तै, मकवानपुरको मयुरधाप, चितवनको शक्तिखोरमा आधुनिक औद्योगिक क्षेत्रको निर्माण लगायतका विषयमा पनि छलफल भएको हो ।

बैठकमा अर्थमन्त्री पौडेल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, अर्थसचिव घनश्याम उपाध्याय, राजस्व सचिव दिनेशकुमार घिमिरे, उद्योग सचिव डा. रामप्रसाद घिमिरेलगायत उपस्थित थिए । चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि सबै विषयगत मन्त्रालय र विभागहरूसँग क्रमश छलफल गर्ने तयारी अर्थ मन्त्रालयले गरेको छ ।

## उच्च अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन आइतबार सेयरबजारमा उच्च गिरावट देखिएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) का अनुसार नेप्से परिसूचक ६३.७३ अंकले घटेर दुई हजार ८५८.९० बिन्दुमा कायम भएको हो ।

आइतबार ३१९ कम्पनीको तीन करोड २२ लाख ६० हजार ३४१ कित्ता सेयर एक लाख ५२ हजार ५१८ पटक खरिदबिक्री हुँदा १३ अर्ब सात करोड ५० लाख रूपैयाँबराबरको कारोबार भएको छ । आइतबारको कारोबारमा सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी लघुवित्त समूह ३.०५, बैंकिङ २.२७, लगानी २.१९, जीवन बिमा २.१६ र उत्पादन तथा प्रशोधन समूह २.४३ प्रतिशतले घटेको छ ।

विकास बैंक १.६६, वित्त १.६६, होटल तथा पर्यटन १.१७, जलविद्युत् १.३०, म्युचुअल फण्ड एक, निर्जीवन बिमा १.७३ र व्यापार १.४३ प्रतिशतले घटेको छ । आइतबारको कारोबारमा ट्रेड टावर लिमिटेड र शिवश्री हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सान्भी इनर्जी लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको ७५ करोड ३९ लाख ६४ हजार रूपैयाँबराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा सन्‌राइज ब्लुचिप फण्डको सबैभन्दा बढी १२ लाख ४९ हजार ४१६ कित्ता सेयर खरिदबिक्री भएको छ ।

## पर्वतीय पर्यटनका पथप्रदर्शकलाई तालिम

**गण्डकी (प्रस)–** नेपाल पर्वतारोहण संघ, गण्डकी प्रदेश र नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशको संयुक्त आयोजनामा पर्वतीय पर्यटनका पथप्रदर्शकका लागि आइतबारदेखि पोखरामा छ दिवसीय तालिम सुरु गरिएको छ ।

गण्डकी अल्पाइन क्लब र काठमाडौं इन्भाइरोलमेन्टल एजुकेसन प्रोजेक्ट (किप)को प्राविधिक सहयोगमा 'जंगलमा प्राथमिक उपचार, नक्सा पठन, पहाडी पैदल यात्रा' विषयक छ दिवसीय तालिम सुरु गरिएको हो ।

नेपाल पर्वतारोहण संघ गण्डकी प्रदेशका अध्यक्ष विकास गुरुङले तालिममा ३० जना पर्वतीय पर्यटनका पथप्रदर्शक सहभागी रहेका जनाउँदै उनीहरूलाई सैद्धान्तिकसँगै विज्ञबाट अधिकतम प्रयोगात्मक सीप प्रदान गरिने बताए । पर्वतीय पर्यटनलाई व्यवस्थित, प्रभावकारी र समयसापेक्ष बनाउने उद्देश्यका साथ तालिम आयोजना गरिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताए । संघ गण्डकी प्रदेशका पूर्वअध्यक्ष शेषकान्त शर्माले पोखरामा रहनुभएका तीन हजार पर्वतीय पर्यटनका प्रथप्रदर्शकमध्येबाट ३० जना छनोट गरी यस किसिमको तालिम दिन लागिएको जानकारी दिए ।

संघको गण्डकी प्रदेशका सचिव मनशान्त घिमिरेले पर्वतीय पर्यटनमा जाने पथप्रदर्शकले प्राथमिक उपचार, नक्सा पठनलगायत अत्यावश्यक विषयमा प्रभावकारी ज्ञान हासिल गरेमा उनहरूले आफू र सँगै जाने पर्यटकलाई सम्भाव्य जोखिमबाट बचाउन सक्ने धारणा राखे ।

## नेपाल चेम्बर र श्रीलंका चेम्बरबीच साझेदारी सम्झौता

**काठमाडौं (प्रस)–** श्रीलंकास्थित नेपाली राजदूतावासको समन्वयमा नेपाल चेम्बर अफ कमर्स (एनसिसी) र श्रीलंकन चेम्बर अफ स्मल एण्ड मिडियम इन्टरप्राइजेज (एसएलसिएसएमआई)बीच साना तथा मझौला उद्यम प्रवर्द्धन, व्यापार तथा लगानी अभिवृद्धिका लागि रणनीतिक साझेदारीको सम्झौता भएको छ ।

श्रीलंकाका लागि नेपाली राजदूत डा. पूर्णबहादुर नेपालीको उपस्थितिमा आइतबार एनसिसीका तर्फबाट अध्यक्ष कमलेसकुमार अग्रवाल र एसएलसीएसएमआईका तर्फबाट अध्यक्ष रोहन डि शिल्भाले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

दुई संस्थाबीच साना तथा मझौला उद्यमहरूको प्रवर्द्धन, दुईदेशीय व्यापार एवं लगानीको अवसर तथा नेपाल श्रीलंकाको निजी क्षेत्रबीच व्यापार सहजीकरण गर्ने विषयमा सम्झौता भएको चेम्बरद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । साना तथा मझौला उद्यममा एकअर्काको देशमा भएका अभ्यास, नीतिगत व्यवस्था, क्षमता अभिवृद्धि कार्यक्रम, प्रशिक्षण, कार्यशाला गोष्ठीजस्ता विषयमा सहकार्य गर्ने विषयमा सम्झौतामा हस्ताक्षर भएको हो ।

यस्तै दुवै देशका चेम्बर प्रतिनिधिबीच दुईपक्षीय भेटवार्ता, साना तथा मझौला उद्यममा दुई पक्षीय लगानीजस्ता विषयमा पनि सहकार्य हुने जनाइएको छ । साना तथा मझौला उद्यमीद्वारा उत्पादित वस्तुहरूको एकअर्काका देशमा प्रदर्शनी एवं व्यापार अभिवृद्धि गर्नका लागि नेपाल चेम्बर अफ कमर्स एनसिसी र एसएलसी एसएम आइकातर्फबाट समन्वय गरिने विषय सम्झौतामा उल्लेख छ ।

**कर्पोरेट**

### महालक्ष्मी बैंक र भारतको एचडिएफसी बैंकबीच समझदारी




**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंक र भारतको एचडिएफसी बैंकबीच सीमापार वित्तीय सेवाहरूलाई प्रवर्द्धन गर्न तथा भारतबाट नेपालमा भुक्तानीसम्बन्धी कार्य गर्न समझदारी भएको छ । समझदारीअन्तर्गत महालक्ष्मी विकास बैंकले ग्राहकहरूले भारतबाट नेपालमा भुक्तानी गर्न मिल्ने प्रणाली सञ्चालनमा ल्याएको बैंकले जनाएको छ ।

यसरी भारतबाट नेपालमा भुक्तानी प्रणाली सञ्चालन गर्ने महालक्ष्मी पहिलो विकास बैंक बनेको छ । दुवै बैंकले सम्पूर्ण प्रक्रियागत कार्य गरी परीक्षण कारोबारसमेत गरिसकेका छन् ।

यसअन्तर्गत महालक्ष्मी विकास बैंकको एचडिएफसी बैंकले प्रयोग गर्दै आइरहेको अत्याधुनिक क्यास म्यानेजमेन्ट सेवाअन्तर्गत सिएमएस चेक कलेक्सन र इलेक्ट्रोनिक क्यास म्यानेजमेन्ट सेवामा पहुँच प्राप्त हुने छ जसले गर्दा कुनै पनि व्यक्ति वा संस्थाले भारतबाट विभिन्न इलेक्ट्रोनिक माध्यम प्रयोग गरी भारतको एचडिएफसी बैंकमार्फत नेपालमा रहेको महालक्ष्मी विकास बैंकको खातामा सीधै रकम जम्मा गर्न सक्ने छन् । साथै, भारतमा रहेका अन्य बैंकहरूको चेक जम्मा गरेरसमेत नेपाल पैसा पठाउन सकिने बैंकले जनाएको छ ।

### मेटलाइफ नेपाललाई 'ग्रेट प्लेस टु वर्क' प्रमाणपत्र

**काठमाडौं (प्रस)–** मेटलाइफ नेपालले 'ग्रेट प्लेस टु वर्क' को मान्यता प्राप्त गरेको छ । विश्वभरका सर्भेमा भाग लिएका ३३ वटा मेटलाइफ कार्यालयहरूसँगै यो प्रतिष्ठित प्रमाणपत्र हासिल गर्ने सूचीमा सामेल भएको कम्पनीले जनाएको छ ।

'यो उपलब्धि मेटलाइफको निरन्तर प्रतिबद्धतालाई झल्काउँछ- जहाँ सबै कर्मचारीहरू सम्मानित, सुरक्षित र प्रेरित महसुस गर्छन्,' कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

गत महिना, मेटलाइफका विश्वभरका ३३ बजारका २४ हजारभन्दा बढी कर्मचारीहरूले ग्रेट प्लेस टु वर्क इन्डेक्स सर्वेक्षणमा सहभागिता जनाएका थिए । यसलाई विश्वव्यापीरूपमा कर्मचारी अनुभव मापन गर्ने एक उच्च मापदण्डको रूपमा मानिन्छ ।

'नेपालले ग्लोबल बेञ्चमार्कभन्दा धेरै उच्च परिणाम हासिल गरेर, मेटलाइफको साझा उद्देश्य, समावेशीताप्रतिको प्रतिबद्धता र सकारात्मक कार्यसंस्कृतिको प्रतिविम्ब देखाउँछ,' कम्पनीले भनेको छ, 'यो मान्यता केवल एउटा उपलब्धि होइन, हामीले सँगै निर्माण गरेको संस्कृतिको प्रमाण हो ।'

# सुनकोशी-मरिन डाइभर्सनको काम सुस्त

## सात वर्षमा ३७ प्रतिशत भौतिक प्रगति

**धनुषाधाम–** तराई-मधेसको सिँचाइ, खानेपानी र ऊर्जा उत्पादन समस्याको दिगो समाधानका रूपमा हेरिएको सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निर्माण कार्य सुस्त छ । राष्ट्रिय गौरवको यो आयोजना निर्माण सम्झौताको सात वर्ष बित्दासमेत हालसम्म करिब ३७ प्रतिशतमात्र काम भएको छ ।

बागमती प्रदेशअन्तर्गत सिन्धुलीको सुनकोशी गाउँपालिका-८ ढुंग्रेबास(खुर्कोट)स्थित सुनकोशी नदीबाट सुरु भएको उक्त डाइभर्सन आयोजनामा हालसम्म ३६.८३ प्रतिशतमात्र भौतिक प्रगति भएको जनाइएको छ । नेपाल सरकार र निर्माण कम्पनीबीच भएको सम्झौताअनुसार २०७६/७७ देखि २०८५/८६ अर्थात् १० वर्षमा आयोजनाको काम सम्पन्न हुनुपर्ने छ, तर आयोजनाअन्तर्गत दोस्रो चरणको काम ढिलो भएपछि समयमै पूरा हुनेमा शंका व्यक्त गरिएको छ ।



हाल १३.३१६ किलोमिटर सुरुङमार्गको निर्माण सम्पन्न भए पनि अन्य भौतिक पूर्वाधार र विद्युत् उत्पादन कार्यमा अपेक्षित प्रगति भएको छैन । शनिबार मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह, भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादव र ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादवलगायतको टोलीले आयोजनाको स्थलगत अवलोकन गरेका थिए । टोलीले ढुंग्रेबास (खुरकोट)देखि सुरुङको अन्तिम बिन्दु कमलामाई नगरपालिका-२ कुसुमटारस्थित मरिन खोलासम्म पुगेर आयोजना कार्यान्वयन अवस्थाबारे जानकारी लिएको थियो ।

अवलोकनका क्रममा आयोजनाका सिनियर डिभिजनल इञ्जिनियर अशोकराज गौतमले आयोजना दोस्रो चरणको ठेक्का सम्झौताअनुसार २०७९ माघ ११ गतेदेखि पटेल-रमण जेभी प्रालिले काम थालेको र हालसम्म १०.१३ प्रतिशत मात्र भौतिक प्रगति भएको जानकारी दिए । उनका अनुसार नेपाल सरकार र निर्माण कम्पनीबीचको सम्झौताअनुसार दोस्रो चरणअन्तर्गतको काम २०८४ असार २५ भित्र सम्पन्न हुनुपर्ने छ । पहिलो चरणको ठेक्काको काम चिनियाँ कम्पनी चाइना ओभरसिज इञ्जिनियरिङ ग्रुपले सम्पन्न गरिसकेको त्यस अवसरमा जानकारी दिइयो ।

मुख्यमन्त्री सिंहले मधेसमा पानीको चरम अभाव भोगिरहेका बेला समस्या समाधानका लागि महत्त्वपूर्ण मानिएको आयोजनाको काममा ढिलाइ हुनु दुःखद भएको बताए । उनले आयोजनालाई समयमा सम्पन्न गराउन प्रदेश सरकारका तर्फबाट नेपाल सरकारलाई औपचारिकरूपमै प्रतिवेदन तयार गरी जानकारी गराइने बताए ।

भौतिक पूर्वाधारमन्त्री सरोजकुमार यादवले आयोजनामा प्रधानमन्त्री केपी शर्मा ओलीको विशेष चासो रहेको भन्दै समयमै ठेक्का सम्झौता पालना नहुने अवस्था रहे सम्झौता रद्द गर्नुपर्ने बताए । यो आयोजना ४९ अर्ब ४२ करोड ३१ लाख रूपैयाँ लागतमा निर्माण भइरहेको छ । मधेस प्रदेशका बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषाको एक लाख २२ हजार हेक्टर अर्थात् एक लाख ८३ हजार बिघा जमिनमा वर्षभर सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य रहेको सिनियर डिभिजनल इञ्जिनियर गौतमले बताए । साथै आयोजनाबाट ३१.०७ मेगावाट जलविद्युत् उत्पादन हुने उनले बताए ।

आयोजना सम्पन्न भएपछि कृषिबाट अनुमानित वार्षिक १० अर्ब ३० करोड रूपैयाँ र बिजुली उत्पादनबाट एक अर्ब ५५ करोड रूपैयाँ राजस्व संकलन हुने अपेक्षा छ । आयोजना निर्माणमा हालसम्म १९ अर्ब ३३ करोड ५१ लाख रूपैयाँ बजेटमध्ये १६ अर्ब ५० करोड २७ लाख रूपैयाँ खर्च भइसकेको छ । प्रारम्भिक चरणमा केही प्रगति देखिए पनि दोस्रो ठेक्का सम्झौताअनुसारको कार्य अत्यन्त सुस्त देखिएकाले गति बढाउन समन्वय भइरहेको सिनियर डिभिजनल इञ्जिनियर गौतमको भनाइ छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ